# ‘खैरिनी घाट’ उपन्यासको पात्र विधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्न
राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र


शोधार्थी
मेदनी खनाल
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ
त्रि.वि. दर्ता नं.:६-१-२००३-२५-२००१
क्याम्पस दर्ता नं. ११२
परीक्षा क्रमाङ्क: ४०००८५



२०७२

## सिफारिस पत्र

त्रिभवन विश्वविद्यालय मानविको तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विषयका छात्र श्री मेदनी खनालले स्नातकोत्तर तह द्वितीय विषयका छात्र श्री मेदनी खनालले स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रका लागि खैरिनी घाट उपन्यासको पात्र विधान शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिसमक्ष सिफारिस गर्दछु ।

उपप्राध्यापक विष्णुप्रसाद ज्ञवाली
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं

मिति : २०७२

**त्रिभुवन विश्वविद्यालय**

**रत्न राज्यलक्ष्मी क्याम्पस**

**प्रदशनीमार्ग, काठमाडौं**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसका छात्र श्री मेदनी खनालले त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्र प्रयोजनको लागि प्रस्तुत गर्नुभएको 'खैरिनी घाट उपन्यासको पात्र विधान' शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| ............................ | ............................ | ............................ |
|---|---|---|
| शोध निर्देशक<br>विष्णुप्रसाद ज्ञवाली<br>उपप्राध्यापक | बाह्य परीक्षक<br>डा. धनप्रसाद सुवेदी | विभागीय प्रमुख<br>डा. यज्ञेश्वर निरौला |

मिति : २०७२/१२/२८

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उप-प्राध्यापक विष्णुप्रसाद ज्ञवालीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेको विभिन्न किसिमका बाधाव्यवधानहरूसँग जुध्न प्रेरणा दिँदै सही बाटोमा निर्देशन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय जीवन यापनको क्रममा आइपर्ने व्यावहारिक कार्यलाई पन्छाएर कुशल दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक श्रद्धाभाव कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत विषयमा शोध शीर्षक र शोधप्रस्ताव स्वीकृत गरी लेखनकर्यमा सहयोग गर्नु हुने रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभागका विभागीय प्रमुख डा.यज्ञेश्वर निरौलाज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसै गरी प्रस्तुत शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह र सुझाव समेत प्रदान गर्नु हुने रत्न राज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर नेपाली विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति म कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार गर्दा आर्थिक र व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउनु हुने पूज्य पिता तोयानाथ खनाल र माता शान्तादेवी खनालप्रति म आजीवन ऋणी छु । यसरी नै प्रस्तुत शोधको निम्ति आवश्यक सामग्री उपलब्ध गराइदिने मित्र गुरु प्रसाईं तथा त्रि.वि केन्द्रीय पुस्तकालय र रत्न राज्यलक्ष्मी क्याम्पसप्रति म हार्दिक आभार प्रकट गर्दछु । आफ्नो व्यावहारिक बोझलाई थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने दाजु पुष्प खनाल र भाइ महेन्द्र खनालका साथै मलाई हौसला दिने आफन्त जनहरूप्रति पनि म कृतज्ञता प्रकट गर्दछु । यसका साथै शोध पत्र तयार पार्ने क्रममा जो जसले जुन-जुन रूपमा जहाँबाट सहयोग पुऱ्याउनु भयो उहाँहरू सबै जनालाई नाम नलिईकनै म हार्दिक आभार व्यक्त गर्दछु र शुद्धसँग टङ्कन गरिदिने सह देव डेक्सटप प्रति म आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभाग समक्ष यो शोधपत्र प्रस्तुत गर्दछु ।

मिति : २०७२
समूह : रात्रि
भर्ना समूह : २०६५- २०६७
त्रि.वि. द.नं. : ६-१-२०३- २५- २००१
क्याम्पस दर्ता नं.: ११२
परीक्षा क्रमाङ्क : ४०००८५

..............................
शोधार्थी
मेदनी खनाल
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रशर्दनीमार्ग, काठमाडौं

# विषयसूची


**परिच्छेद एक**

**शोध परिचय** १–६

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधपत्रको औचित्य ५

१.६ शोधकार्यको सीमा ५

१.७ शोधविधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ विश्लेषण विधि ६

१.८ शोधपत्रको रूपरेखा ६

**परिच्छेद दुई**

**शङ्कर कोइरालाको उपन्यास यात्रा** ७–१३

२.१ विषय प्रवेश ७

२.२ शङ्कर कोइरालाको सङ्क्षिप्त परिचय ७

२.३ शङ्कर कोइरालाका साहित्यिक प्रवृत्ति ८

२.४ संलग्नता, सम्मान तथा पुरस्कार ८

२.५ तालिम प्रशिक्षण र भ्रमण ९

२.६ देहावसान १०

२.७ शङ्कर कोइरालाका साहित्यिक प्रवृत्ति १०

२.७.१ सामाजिक यथार्थवादी प्रवृत्ति १०

२.७.२ व्यङग्यात्मक प्रवृत्ति १०

२.७.३ आञ्चलिक प्रवृत्ति ११

२.७.४ आलोचनात्मक यथार्थवादी प्रवृत्ति १२

२.७.५ औपन्यासिक प्रवृत्ति १२

**परिच्छेद तीन**

**उपन्यासको पात्र विधानमा सैद्धान्तिक ढाँचा** **१४-२९**

३.१ विषय प्रवेश १४

३.३ पात्रको परिचय १५

३.४ पात्र सम्बन्धी परिभाषा १६

३.५ पात्र विधान १८

३.६ पात्रको वर्गीकरण १९

३.७ खैरिनी घाट उपन्यासका पात्र विश्लेषणको आधार २४

३.८ निष्कर्ष २९

**परिच्छेद चार**

**खैरिनी घाट उपन्यासको पात्र विधानको अध्ययन** **३०-५२**

४.२ खैरिनी घाट उपन्यासको विश्लेषण ३०

४.३ भक्तवीरे ३१

४.३.१ नैरिते ३३

४.३.२ धीर्जवीर ३४

४.३.३ सिंगवीरे ३५

४.३.४ पण्डित हरिप्रसाद ३६

४.३.५ कालुमाने ३७

४.३.६ फेन्टे ३८

४.३.७ वैद्य ३८

४.३.८ डिठ्ठा सीताराम ३९

४.३.९ भक्तेकी आमा ४०

४.३.१० निमा ४०

४.३.११ महीबले ४१

४.३.१२ ठिटाहरू ४२

४.३.१३ कान्छी ४२

४.३.१४ जिम्मावाल ४३

४.३.१५ राममान बुढा ४४

४.३.१६ वीरपर्सात ४४

४.३.१७ लालवीरे ४५

४.३.१८ भेडाव्यापारीहरू ४५

४.३.१९ जगते ४६

४.३.२० भेडागोठालाहरू ४६

४.३.२१ ढाक्रेहरू ४७

४.३.२२ ठुटे ४७

४.३.२३ फुर्के ४८

४.३.२४ शिवनाथ ४८

४.३.२५ जनमसिंगे ४८

४.३.२६ सिपाहीहरू ४९

४.३.२७ व्यापारीहरू ४९

४.३.२८ पुजारी ४९

४.३.२९ महन्तबाबा ५०

४.३.३० हलथोके ५१

४.३.३१ धनसिंगे ५१

४.३.३२ हरिबले ५१

४.३.३३ माझीहरू ५२

४.४ निष्कर्ष ५२

**परिच्छेद - पाँच** **५३–५५**

**उपसंहार**

५.१ सारांश ५३

५.२ निष्कर्ष ५३

सन्दर्भसूची

## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

शङ्कर कोइराला आधुनिक नेपाली उपन्यासका क्षेत्रमा सङ्ख्यात्मक तथा गुणात्मक रूपमा उत्कृष्ट औपन्यासिक कृतिहरू प्रदान गर्ने व्यक्तित्व हुन् । खैरिनी घाट (२०१८) कौसीको फर्सी, (२०२३), नाठो (२०२४), दुई ड्राइभर (२०२५), म पिउन अखाबारको (२०२५), दुर्दमनीय (२०२५), कलेज गर्ल (२०२५) दोसाँध (२०२७), नदी गीत गाउँछ (२०२८), एक अञ्जलि श्रद्धाञ्जली (२०३१), तीन पल्ट (२०३२), हेलम्बु मेरो गाउँ (२०२८), रातभरि गाउँ (२०३२), श्रीमती हिरोइन (२०३३), आलोपालो (२०३४), आँसुको खहरे ( २०३६), म फेला पर्दिन (२०३८), भुस्याहा (२०४३), एउटा पुरानो घर (२०५४), आदि शङ्कर कोइरालाका औपन्यासिक कृतिहरू हुन् । यस उपन्यासमा रामेछाप र सिन्धुली बिचको सुनकोसी बिचको सुनकोसी किनारको खैरिनी घाट वरपर दुम्जा, ज्यामिरे, कोथपेको जनजीवन र स्थानीय भौगोलिक परिवेशको चित्रण पाइन्छ । यस उपन्यासलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सकिने भए तापनि यस शोधपत्रमा पात्र विधान प्रवृत्तिलाई केलाउने प्रयास गरिएको छ ।

### १.२ समस्या कथन

उपन्यासम कथानकलाई अघि बढाउन पात्रचरित्रहरूले संवाहकहरूको काम गर्दछन् । पात्र चरित्रविना कथावस्तु अघि बढ्न सक्दैन । पात्रका रूपमा मानव र मानवेतर प्राणीलाई लिने गरेको पाइन्छ । शङ्कर कोइरालाका उपन्यासमा यस भन्दा अगाडि शोधकार्य भए पनि उपन्यासमा पात्र विधान शीर्षकमा शोधकार्य नभएकाले खैरिनी घाट उपन्यासमा पात्र विधान शीर्षकमा केन्द्रित रही निम्न लिखित प्राज्ञिक शोध समस्या केन्द्रित रही समाधान खोज्ने प्रयास प्रस्तुत शोधकार्यमा गरिएको छ ।

क. शङ्कर कोइरालाको साहित्ययात्रा के कस्तो छ ?

ख. उपन्यासको पात्र विधानमा सैद्धान्तिक आधार के कस्तो छ ?

ग.	खैरिनी घाट उपन्यासको पात्र विधान के कस्तो रहेको छ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरू समाधान गर्नका लागि केन्द्रीय र गौण मान्यताका आधारमा खैरिनी घाट उपन्यासको पात्र विधानको अध्ययनमा केन्द्रित रहेकाले यस अन्तर्गत निम्नानुसार उद्देश्यहरू छन्:

क)	शङ्कर कोइरालाको साहित्ययात्रा अध्ययन गर्नु ।

ख)	उपन्यासको पात्र विधानमा सैद्धान्तिक अध्ययन गर्नु ।

ग)	खैरिनी घाट उपन्यासको पात्र विधानको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली भाषा साहित्यको साधनामा लामो समय बिताएका उपन्यासकार शङ्कर कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन अनुसन्धान भइसकेको छ । तथापि 'खरिनीघाट' उपन्यासका पात्रहरूको बारेमा गहन अध्ययन हुन सकेको छैन । ती पूर्व अध्येताहरूले गरेका अध्ययन र सर्वेक्षणका क्रममा प्राप्त भएका सामग्रीहरूलाई कालक्रमका आधारमा निम्न अनुसार रूपमा प्रस्तुत गरिएको छ:

केशवराज उपाध्याले **मधुपर्क** (२०२८) मा 'शङ्कर कोइराला र उनको उपन्यास कला' शीर्षकको लेखमा एउटा मुख्य कथानकको निर्माण गरी त्यसको क्रमिक विकास गरेर उपसंहारसम्म पुऱ्याउने परम्परागत यान्त्रिताको प्रणालीलाई छाडी जीवनमा विविध पक्ष र रूपको छोटो परिचय दिँदै तिनको सङ्कलन एउटा सङ्गाठित रूपमा  गरिकन उपन्यासलाई बीचैमा छोडिएझैँ नाटकीय तवरले अन्त्य गर्ने परिपाटीको प्रयोग शङ्खर कोइरालाले खैरिनी **घाट**मा गरेका छन् भन्ने कुराको चर्चा गरेका छन् ।

प्रतापचन्द्र प्रधानले **नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि** (२०४०) को पुस्तकमा सामाजिक धरातलमा नै आञ्चलिकतालाई मूल प्रश्रय दिई झुल्कने उपन्यासकार शङ्कर कोइरालाको खैरिनी घाट (२०१८) ले पनि नेपाली उपन्यासको क्रमिक विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गरेका छन् । यस उपन्यासले पूर्ववर्ती उपन्यासकार बाङ्देलको

लङ्गडाको साथी (२००७) ले समातेको आञ्चलिक धरातललाई अझ निश्चित दिशा प्रदान गरेको देखिन्छ भनेका छन् । प्रधानले यस प्रकारको उल्लेख गरे पनि लङ्गडाको साथी उपन्यासले केही अंश आञ्चलिक परिवेशलाई देखाए पनि यस उपन्यासमा खास गरी मानवीय मूल्यको विखण्डन, स्वार्थी मानवीय समाज र व्यक्तिप्रति व्यङ्ग्य प्रस्तुत गर्दै गरिबीको दयनीय, अवस्था, अपाङ्ग हुनाको सामाजिक तिरस्कार र विसङ्गतिलाई प्रस्तुत गरेको छ । अर्कोतर्फ यस भन्दा पहिला २००४ मै आञ्चलिकताको महत्त्वपूर्ण रेखा मुलुकबाहिरले कोरिसकेको थियो । त्यही एकपक्षीय वर्णनको सर्वपक्षीय र समाजका प्रत्येक क्षेत्रको यथार्थ खैरिनी घाटले उतारेको भए पनि प्रधानको टिप्पणीमा यी कुराहरू अप्राप्त छन् ।

ऋषिराज बरालले **बृहत् समालोचना** (२०४५) सङ्कालित 'आञ्चलिकता र नेपाली उपन्यास' शीर्षकको लेखमा खैरिनी घाट र अविरल बग्दछ इन्द्रावली उपन्यासको तुलनात्मक अध्ययन गर्दै कथावस्तु, पात्र र संवादमा खैरिनी घाटले पाठकलाई जसरी स्थानीय संसारमा सहज र स्वाभाविक किसिमले घुमाउँछ, अविरल बग्दछ इन्द्रावती भने मूलतः अन्तर्द्वन्द्वमै केन्द्रित हुन्छ भन्ने टिप्पणी गरेका छन् । खैरिनी घाट आञ्चलिक इति वृत्तमै रमन गर्दछ भनी खैरिनी घाटलाई सामाजिक जीवनको यथार्थको चित्रण गर्ने उपन्यासका रूपमा चित्रण गर्न खोजे पनि भित्री स्वरूपको चर्चामा भने पसेको देखिँदैन ।

मुरारीप्रसाद रेग्मीले **मनोविश्लेषणात्मक समालोचनामा** (२०५०) शङ्कर कोइरालाले खैरेनी घाट उपन्यास सरल र यथार्थपूर्ण भएको सन्दर्भ उल्लेख गर्दै यसमा यौनको मात्रा बिलकुल नगन्य छ अर्थात् यस उपन्यासले पूर्णत : सामाजिक ग्राम्य जीवनको यथार्थलाई प्रस्तुत गर्नमा असाधारण सफलता प्राप्त देखिन्छ भन्ने टिप्पणी गर्दै यौनेतर रहेर सामाजिक जीवनको चित्रणमा निहित रहेको यो उपन्यास सफल छ भन्ने कुराको पुष्टि गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०५२) मा सङ्कलित 'नेपाली उपन्यास' शीर्षकको लेखमा खैरिनी घाट वस्तुले भन्दा शैलीले आकर्षक र भिन्न भएको छ भन्दै स-साना पृथक दृश्यहरूको संयोजन र चित्रणद्वारा मानौ जीवनको विशृङ्खलता र असम्बद्धतालाई औंल्याएको छ भनेका छन् । उनले ती पृथक र आकर्षक दृश्यहरूको खुलस्त चित्रण चाहिँ गरेको पाइँदैन ।

रामदयाल राकेशले **नेपाली साहित्य कोश** (२०५५) नेपाली साहित्यमा आञ्चलिकताको पहिलो प्रयोग सङ्केत उपन्यासकार शङ्कर कोइरालाको उपन्यास खैरिनी घाट (२०१८) मा पाइन्छ भनेर आञ्चलिक उपन्यास परम्परामा पहिलो स्थान दिएका छन् । आञ्चलिकताको कुनै पनि प्रकारको प्रसङ्ग नदेखाई अनि खैरिनी घाट उपन्यासको बाह्य रूप र समतलीय कथनमा मात्र सीमित रहेको छ ।

मोहनप्रसाद दाहालले **नेपाली साहित्यकोश** (२०५५) मा नौलो सीप र शैलीमा लेखिएको खैरिनी घाट आञ्चलिक उपन्यासका विशेषताहरू आत्मासात् गरेको छ भन्दै उक्त उपन्यासलाई नयाँ सिप र शैलीका आधारमा निर्माण भएको उपन्यासका रूपमा चिनाएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) मा आञ्चलिक उपन्यासका रूपले खैरिनी घाट नेपाली उपन्यास प्रथम र उत्कृष्ट उपन्यास हो भन्दै यसमा स्थानीय, भाषिक, रीतिस्थिति, वेशभूषा, जीवनस्तर र सस्कृतिलाई आत्मसात गर्ने उपन्यासका रूपमा उल्लेख गरेका छन् ।

महादेव अवस्थीले **गरिमा** को **खैरिनी घाट** (२०५६) उपन्यासको आञ्चलिकता शीर्षकको लेखमा खैरिनी घाटलाई आञ्चलिक उपन्यासका रूपमा चित्रण गरेका छन् । उनले शीर्षक, कथावस्तु, चरित्रचित्रण परिवेश चित्रण संवाद तथा भाषाशैलीमा यस उपन्यासलाई आञ्चलिक भएको ठहर गरेका छन् ।

ठाकुर पराजुली **शङ्कर कोइराला कृति** (२०५८) अनुशीलनको आञ्चलिकताको पक्ष खैरिनी घाट अवलोकन लेखमा शङ्कर कोइरालाको यो कृति उनको पर्यायवाचीकै रूपमा लिन सकिन्छ । वस्तुः यो उपन्यास त्यस्तो लोकगाथा हो, जसमा नेपाली ग्रामीण शोषण, अशिक्षा, बेरोजगारी र अन्धविश्वासले ल्याएको पछौटेपनको जीवन्त चित्रण पाइन्छ भन्ने कुराको उल्लेख गरेका छन् ।

धनप्रसाद सुवेदीको **नेपाली आञ्चलिक उपन्यासका मूल प्रवृत्ति** (२०६८) शोध प्रबन्धमा खैरिनी घाट उपन्यासलाई विधा तत्त्व तथा आञ्चालिक तत्त्वका आधारमा विश्लेषण गरेका छन् । उनले खैरिनी घाट उपन्यासमा विभिन्न चरित्रको चर्चा गर्दै यस उपन्यासका चरित्रहरूले आञ्चलिक विशेष्ता बोकेका छन् भन्ने उल्लेख गरेका छन् ।

वि.सं. २०१८ सालमा प्रकाशित भएको यस उपन्यासको प्रकाशित भए देखि नै यस उपन्यासको बारेमा अनेक टीका टिप्पणीहरू भएका छन् । २०१८ देखि आजसम्म लगभग साढे पाँच दशक लामो समयमा यस उपन्यासका बारेमा अनेक टिप्पणी समीक्षा र अनुसन्धानहरू भएका छन् अन्य दृष्टिकोणबाट यस उपन्यासको प्रशस्तल विवेचना गरिए पनि तिनीहरूका पात्र विधानको सूक्ष्म अध्यय हुन सकेको छैन । त्यसैले यो शोधकार्य अपरिहार्य देखिन्छ ।

## १.५ शोधपत्रको औचित्य

उपर्युक्त पूर्वकार्यबाट के स्पष्ट हुन्छ भने खैरिनी घाट उपन्यासको कृतिपरक अध्ययन भए तापनि पात्र विधानका दृष्टिकोणबाट हालसम्म व्यवस्थित अध्ययन हुन सकेको देखिँदैन । एउटा उल्लेखनीय उपन्यास भएर हालसम्म पनि यसको पात्र विधानका दृष्टिकोणले विस्तृत अध्ययन नभएकाले यसको अभावको महसुस गरिएको छ । यस अभाव पूर्ति स्वरूप यस उपन्यासको पात्र विधानको प्राज्ञिक औचित्य पुष्टि गर्न यस अध्ययनबाट सम्बन्धित क्षेत्रका पाठकलाई फाइदा पुग्छ ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्रमा शङ्कर कोइरालाको खैरिनी घाट उपन्यासका पात्रको अध्ययनमा केन्द्रित छ । विभिन्न परिवेशबाट संयोजन गरिएका पात्रहरूको विशेषताका साथै तिनीहरूको भूमिका समेत निक्यौल गर्दै पात्रहरूका बारेमा प्रकाश पार्नु नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधका समस्याहरुको समाधानका लागि सामग्री सङ्कलन विधि र विश्लेषण विधि प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा शोधका समस्याहरूको प्रमाणित समाधानका लागि उपयुक्त सामग्रीको आवश्यकता पर्ने देखिन्छ । मूलतः समस्या कथनमा उल्लेख गरिएका

प्रश्नहरूको प्रमाणित समाधानका लागि प्राथमिक र द्वितीय स्रोत अन्तर्गतका सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत शङ्कर कोइरालाको खैरिनी घाट उपन्यासलाई लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत उपन्याससँग सम्बन्धित पाठ्यपुस्तक समालोचना, समीक्षा, टिप्पणी आदिको अध्ययन गरी सामग्री जुटाइएको छ ।

### १.७.२ विश्लेषण विधि

समीक्षाशास्त्रले निर्देशित गरेको पात्र विधानको सैद्धान्तिक आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरी प्रस्तुत शोध पत्र तयार गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठितर व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित चार पाँच परिच्छेदमा अनुबन्धित गरिएको छ । साथै आवश्यकताअनुसार उक्त परिच्छेदहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरिएको छ । जसअनुसार प्रस्तुत शोधपत्रको सम्भाव्य रूपरेखा मोटामोटी यस प्रकार रहेको छ :

परिच्छेद एक-शोध परिचय

परिच्छेद दुई - शङ्कार कोइरालाको उपन्यास यात्रा

परिच्छेद तिन - उपन्यासको पात्र विधानमा सैद्धान्तिक आधार

परिच्छेद चार - खैरिनी घाट उपन्यासको पात्र विधानको अध्ययन

परिच्छेद पाँच - उपसंहार

## परिच्छेद दुई

# शङ्कर कोइरालाको उपन्यास यात्रा

### २.१ जन्म र बाल्यावस्था

नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिन सफल साहित्यकार शङ्कर कोइरालाको जन्म विं.स. १९८० कार्तिक २७ गते मङ्गलबारका दिन काठमाडौँको घट्टेकुलोमा भएको हो । पिता ईश्वरीप्रसाद कोइराला र माता मित्रप्रियाका तेस्रो सन्तानका रूपमा जन्मिएका कोइरालाको न्वारनको नाम ढकारप्रसाद कोइराला भए पनि पछि नाम बदली उनी शङ्कर कोइराला र 'आधाबाटे' कान्छा उपनाले साहित्यका क्षेत्रमा परिचित भएका छन् । कोइरालाको बाल्यकाल आमा, बाबु, हजुरआमा र हजुरबुबाको सान्निध्यमा रहेर सबैको स्नेह पाई आनन्दपूर्वक बितेको देखिन्छ (भट्टराई, २०५९ : ८) ।

### २.२ पारिवारिक पृष्ठभूमि र शिक्षादीक्षा

मध्यमवर्गीय परिवारमा जन्मिएका कोइरालाको पारिवारिक वित्तीय पृष्ठभूमि मध्यस्तरीय देखिन्छ । पिता ईश्वरीप्रसाद कोइरालाको सामान्य जागरिले परिवार धान्न कठिन परे पनि आफ्ना छोराछोरीलाई त्यस्तो कमजोर स्थितिको आभास नहोस् भन्ने चाहने व्यक्ति भएकाले उनले आफूले कहिल्यै पनि त्यसतर्फको पीडालाई बोध गर्न दिएनन् । कोइरालाको अनौपचारिक शिक्षाको थलो आफ्नै घर थियो । आफ्नै घरमा पितालाई गुरु बनाई अक्षराम्भ गरेका कोइरालाले औपचारिक शिक्षा अगावै रुद्री, चण्डीको शिक्षा हासिल गरिसकेको देखिन्छ ।

शङ्कर कोइराला पिता ईश्वरीप्रसार कोइराला आफ्ना सन्तानहरू धेरै पढेर ठूला मान्छे बनून् भन्ने आदर्श व्यक्तित्व थिए । जीवनयापनका क्रममा आफूले दुःखकष्ठ भोगे पनि सन्तानमा त्यो छाप नपरोस् भन्ने चाहना राखेर घरायसी अनौपचारिक शिक्षापछि औपचारिक क्षिाका लागि शङ्कर कोइरालालाई जुद्धोदय हाइस्कुलमा कक्षा ६ मा भर्ना गरिदिएको देखिन्छ । बाल्यावस्थादेखि नै शिक्षा तर्फ उत्सुकता भएर कोइराला कक्षा दशसम्म प्रथम र एस.एल.सी मा प्रथम श्रेणीमा प्रथम भई उत्तीर्ण भएको देखिन्छ । उनले हाइस्कल पछि उच्च शिक्षा उत्कृष्ट सफलता हासिल गरेको देखिँदैन । त्यसको मुख्य कारण पारिवारिक हेरविचार र आर्थिक परिस्थिति थियो । यस्ता विभिन्न परिस्थिति र कुण्ठित

भावनालाई साहित्यमार्फत् सार्वजनिक गर्न थालेकाले उनले आई. ए सम्मको अध्ययन पूरा गरी केही वर्ष अध्ययन स्थकित गरेको देखिन्छ । पछि पारिवारिक र आर्थिक चापले जागिर बढ्ने आशामा बी.ए. सम्मको औपचारिक अध्ययन गरी शिक्षार्जनलाई पूर्णता दिएको देखिन्छ (भट्टराई, २०५९ : ९) ।

## २.३ प्रेरणा, प्रारम्भिक लेखन र प्रथम प्रकाशन

साहित्यकार शङ्कर कोइरालाको मुख्य प्रेरणाको स्रोत स्वयम् उनका पिता नै थिए । आफ्नै नेपाली साहित्य र आफ्नो गाउँघरको सामाजिक सांस्कृति पक्ष, ग्रामीण जनजीवनबाट प्रेरणा पाएको बताउने समाजप्रेमी कोइरालाको प्रेरणाको स्रोत पिताका अतिरिक्त काका र दाजु पनि देखिएका छन् । शङ्कर कोइरालाको लेखन तथा प्रकाशन एकैसाथ भएको देखिन्छ । कोइराला विद्यार्थी जीवनमा १५,१६ वर्षको उमेरमा लेखेको 'बूढो' नामक प्रथम कथा वि.सं. २००३ मा शारदा पत्रिकामा छापिएको देखिन्छ । उनले कुनै पनि पूर्वाभ्यास बिना कथालेखनबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । प्रकाशनको दृष्टिले समेत पहिलो थालनी 'बूढो' कथा नै हो । यसरी कोइरालाले लेखनकलालाई निरन्तरता दिँदै शारदाका विभिन्न अङ्क र अन्य विभिन्न पत्र पत्रिकामा आफ्नो लेखनकला देखाउँदै साहित्यका क्षेत्रमा बलियो रूपमा स्वअस्तित्त्व कायम गरेको देखिन्छ । कोइरालाको पुस्तककारका दृष्टिले पहिलो प्रकाशिता कृति खैरिनी घाट (२०१८), कौसीको फर्सी (२०२३), नाठो (२०२४), दुई ड्राइभर (२०२५), म पिउन अखबारको (२०२५), दुर्दमनीमय (२०२५), कलेज गर्ल (२०२५), दोसाँध (२०२७), नदी गीत गाउँछ (२०२८), एक अञ्जलि श्रद्धाञ्जली (२०३१), तीन पल्ट (२०३२), हेलम्बु मेरो गाउँ (२०२८), रातभरि गाउँ (२०३२), श्रीमती हिरोइन (२०३३), आलोपालो ( २०३४), आँसुको खहरे (२०३६), म फेला पर्दिन (२०३८), भुस्याहा (२०४३), एउटा पुरानो घर (२०५४), आदि शङ्कर कोइरालाका उपन्यास हुन् । यसरी नेपाली साहित्यको क्षेत्रमा कोइरालाको लेखन तथा प्रकाशनको सुरुवात भएको देखिन्छ ।

## २.४ संलग्नता, सम्मान तथा पुरस्कार

शङ्कर कोइरालाले लामोसमय जागिरमा बिताउनु परेकाले उनको संस्थागत संलग्नता कमै देखिन्छ । आफू साहित्यकार भएकाले कृतिहरू प्रकाशन र छपाई गर्नु पर्ने हुनाले उनको त्यस्ता पुस्तक प्रकाशन गर्ने संस्थागत सम्बन्ध भएको देखिन्छ । आफ्ना पुस्तकहरू छपाउने

क्रममा साझा प्रकाशन, रत्नपुस्तक भण्डार, नवीन प्रकाशन वाराणसी, भानु प्रकाशन डिल्लीबजार, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र आदि संस्थासँग उनको संलग्नता भएको देखिन्छ । संस्थागत संलग्नताकै क्रममा बाबुबाजेहरू नेपाली काङ्ग्रेससँग सम्बन्ध राख्ने भएकाले कोइरालामा पनि सो राजनीतिक प्रभाव परेको देखिन्छ । पाटीसँग उनको प्रत्यक्ष सम्बन्ध नदेखिए पनि आन्तरिक रुपबाट भने काङ्ग्रेससँग संलग्नता भएको देखिन्छ ।

साहित्यकार शङ्कर कोइरालाले जीवनको लामो अवधिसम्म साहित्यको सेवा गर विभिन्न विधालाई पूर्णता दिएका छन् । उनले आफूले लेखेको कृतिहरू र सेवा आधारमा खास पुरस्कार प्राप्त गरेका छैनन् । उनले यदाकदा सानो सम्मान र पुरस्कार पाए पनि ठूलो पुरस्कार र सम्मानबाट भने वञ्चित देखिन्छन् । साधारण पुरस्कार र सम्मानको हकमा कोइरालाले 'स्मारिका प्रतिभा विशेषाङ्क' १४ मा अभिनन्दन पत्र, शाही नेपाली सैनिक पत्रिकाको २०३८ सालको लखनतर्फ प्रथम भएकोमा सम्मान र पुरस्कार पाएको देखिन्छ । 'प्रतिभा समूह' बानेश्वरका तर्फबाट २०५१ मा अभिनन्दन पत्र, 'आव्हान समूह' चावहिलले २०५४ मा अभिनन्दन पत्र दिएको देखिन्छ । 'रत्नश्री' पत्रिका समूहले वर्षभरिका कथामा सर्वोत्कृष्ट कथाकारका रूपमा 'रत्नश्री' पुरस्कार प्रदान गरेको देखिन्छ । यसरी साहित्यकार कोइराला ठूलाठूला पुरस्कारबाट विभूषित नभए पनि साना तिना सम्मान र पुरस्कार विभूषित भएको देखिन्छ ।

## २.५ तालिम प्रशिक्षण र भ्रमण

शङ्कर कोइरालाले लामो समयसम्म जागिरे जीवन र साहित्य सिर्जनामा व्यतीत गरेको हुनाले लामो तालिम तथा प्रशिक्षण ककम मात्रामा देखिन्छ । साझा प्रकाशनमा जागिरे रहँदा जापानमा पुस्तक प्रकाशन सम्बन्धी प्रशिक्षण लिएको देखिन्छ । उर्दू, अरबी र अंग्रेजी भाषासम्बन्धी तालिम पनि पाएको देखिन्छ । उनी प्रशिक्षणका क्रममा इलाम, धनकुटा र दाङ्गमा साहित्य गोष्टीमा सहभागी भएको देखिन्छ । विशेष गरेर भ्रंमणलाई ज्ञान आर्जनको माध्यम मान्ने कोइराला त्यति धेरै स्थानहरू घुमेको भने पाइँदैन । स्वदेशकै पूर्वपशिचमका कतिपय ठाउँहरू र विदेशतिर पुस्तक प्रकाशनका सिलसिलामा जापान र समयसमयमा काम विशेषका माध्यमबाट भारतका विभिन्न ठाउँसम्म मात्र उनको भ्रमण सीमित रहेको देखिन्छ ।

## २.६ देहावसान

नेपाली साहित्यका विविध विधामा साहित्य सिर्जन गर्ने अथक स्रष्टा शङ्कर कोइरालाको योगदान अविस्मरणीय देखिन्छ । पुस्तककार कृतिबाहेक अनेकौँ पत्रिकामा लेखरचना प्रकाशित गरी नेपाली भाषालाई माया गर्ने व्यक्तित्व कोइरालाको देहावसान वि.स.. २०५४ साउन २६ गते, आइतवारका दिन मैतीदेवी काठमाडौं मा भएको हो ।

## २.७ शङ्कर कोइरालाका साहित्यिक प्रवृत्ति

### २.७.१ सामाजिक यथार्थवादी प्रवृत्ति

शङ्कर कोइराला सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनले आफ्ना कथा, नाटक र उपन्यासमा समाजको यथार्थ चित्रण गरेका छन् । कोइरालाले तत्कालीन समयको चित्रण गरे पनि त्यसले वर्तमान समयको पनि उत्तिकै प्रतिनिधित्व गरेको देखिन्छ । ग्रामीण जीवनको विषयवस्तु बनाई साहित्य सिर्जना गर्ने कोइरालाले गाउँलेको जीवन भोगाइ, आर्थिक समस्या, शैक्षिक समस्या, राजनीतिक समस्या र व्यावहारिक समस्यालाई उतारेको पाइन्छ । आर्थिक विषमताका कारण समाजमा देखिएको गरिबी त्यसको चपेटामा परी निम्न र घृणित कार्य गर्न बाध्य समाज र व्यक्तिको पीडादायी अवस्थालाई पनि यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ । अर्कोतर्फ शैक्षिक स्थितिको कमीले समाजमा बौद्धिक र चेतनाको कमी, देश विकासको कमी, योजना र विकास निर्माणका कार्यहरू शहरमैसीमित रही गाउँले जीवनमा परेको नकारात्मक प्रभावलाई पनि कोइरालाले चित्रण गरेको पाइन्छ । समयसमयमा राजनीतिक परिवर्तन, देश र जनतामा परेको प्रभाव, राजनीतिकमा संलग्न व्यक्तिहरूको स्वार्थीपना पदगतलोलुपता, वर्गगत विभेद निम्नवर्गका जनतामा भएको शोषण, अन्याय, अत्याचारलाई चित्रण गर्नु उनको प्रवृत्ति देखिन्छ । हाम्रो पुरुषप्रधान समाजमा नारीले भोग्नुपरेका समस्या, नारी र पुरुषलाई भिन्न दृष्टिले हेर्ने भ्रष्ट समाज, पछौटेपन, बेरोजगारी, रुढिवादी सामाजिक र साँस्कृतिक परम्पराबाट माथि उठ्न नसकेको यथार्थलाई सरल, सरस भाषामा व्यक्त गर्नु उनको साहियित्क प्रवृत्ति देखिन्छ ।

### २.७.२ व्यङ्ग्यात्मक प्रवृत्ति

साहित्यकार शङ्कर कोइरालाको अर्को प्रवृत्ति व्यङ्ग्यात्मक प्रवृत्ति हो । उनले आफ्ना रचनाहरूमा आदर्शको खोल ओढी नराम्रा कार्य गर्ने व्यक्ति र संस्थाप्रति व्यङ्ग्यात्मक भाव

प्रस्तुत गरेको पाइन्छ । समाजदेखि लिएर राष्ट्रका उच्च पदमा रहेका व्यक्तिहरूले गरेको शोषण, भ्रष्टाचारी प्रथा जनताका आँखामा छारोहाली आफ्नो स्वार्थीसिद्ध गर्न पछि नपर्ने सामाजिक, राजनीतिक, प्रशासनिक व्यक्तिहरूलाई सरल शैलीमा व्यङ्ग्य गरेको पाइन्छ । कोइरालाले त्यतिमात्र नभएर सोझा, सीधा र निमुखा जनताका नाममा आफ्नो पेट भर्ने जनता समक्ष कुनै राहत नपुऱ्याउने व्यक्ति र संस्थाप्रति पनि व्यङ्ग्यात्मक रूपमा आक्रोश व्यक्त गरेको पाइन्छ । समयको गतिशीलता र परिवर्तनलाई ख्याल नगरी जातजाति नारीपुरुष र रुढिवादी परम्परामा अल्झेको दिशाहीन समाजप्रति पनि व्यङ्ग्यात्मक भाव व्यक्त गरेको पाइन्छ । उनका सम्पूर्ण कृतिहरूमा सामाजिक विषयवस्तु समाज तथा राष्ट्रका कुराको चिरफार गरिएको हुँदा त्यसभित्र नकारात्मक व्यवहार र प्रवृत्तिप्रतिको दृष्टिकोण सजग रूपले उत्रेको पाइन्छ ।

### २.७.३ आञ्चलिक प्रवृत्ति

साहित्यकार शङ्कर कोइरालाका साहित्यिक कृतिहरूमा आञ्चलिक प्रवृत्ति सशक्त रूपमा आएको पाइन्छ । सामाजिक यथार्थवादी धाराको एक शाखाको रूपमा देखिएको यस प्रवृत्तिले कुनै पनि एक सीमित क्षेत्रको साङ्गोपाङ्ग रूप प्रस्तुत गरेको पाइन्छ । आञ्चलिकताले अर्को रूपमा आकर्षक तरिकाले ग्रामीण लोकजीवनको सीमित सहरिया जीवनको, मनोरम र जीवन्त चित्रण गरेको हुन्छ । शङ्कर कोइरालाले सहरिया जीवनको मनोरम र जीवन्त चित्रण गरेको हुन्छ । शङ्कर कोइरालाले सहरिया जीवनमा भन्दा ग्रामणी लोकजीवनतर्फ झुकाव राख्दै सामाजिक जीवनर त्यसभित्रका आर्थिक शैक्षिक, राजनीतिक जीवनका साथै धर्म, संस्कृति, रीतिरिवाज, जनताको जीवनभोगाइ, सुखदुःख पीडा, शोषण दमनलाई यथार्थ रूपमा चित्रण गरेका छन् । उनले खासगरी आफ्ना कथा र उपन्यासमा यस्ता परिवेशलाई अङ्गालेको पाइन्छ । उनले आञ्चलिकताको सशक्त चित्रणका सन्दर्भमा समग्र पक्षलाई उतार्ने कोसिस गरेका छन् । आफ्ना कृतिमा सीमित क्षेत्रको विषयवस्तु पात्रहरूलाई मुख्य र सहायक रूपमा नछुट्याई समान दृष्टिकोण प्रस्तुत गर्नु, ऐतिहासिक, साँस्कृतिक स्वरुपलाई महत्त्व दिनु, स्थानीय भेषभूषा र पात्र अनुकूल संवादको प्रयोग गर्नु बहुनायकत्वमा जोड दिनु जस्ता विशेषताले उनको आञ्चलिक प्रकृतिलाई पुष्टि गरेको पाइन्छ । साहित्यिक कृतिमा आञ्चलिकत्तालाई भौगोलिक बनोट र त्यसभित्रको पर्यावरणको समग्रपक्षको उद्घाटन गर्ने उद्देश्यले सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ ।

## २.७.४ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

साहित्यकार शङ्कर कोइरालाका साहित्यिक कृतिहरूमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पनि पाइन्छ । उनले समाजको यथार्थ अङ्कन गर्ने सिलसिलामा सामाजिक विकृति र विसङ्गतिलाई अप्लोचनात्मक दृष्टिकोणले औल्याएका छन् । व्यक्ति, समाज र देशको यथार्थ चित्रण उनको विषयवस्तु बनेको देखिन्छ । निम्नवर्गीय समाज, त्यस्ता क्षेत्रमा जनतालाई देश र समाजको उच्चतममा रहेका व्यक्तिहरूले गरेको शोषण, दमन अन्याय र अत्याचारको यथार्थ चित्रण गर्दै व्यक्ति एवम् समाजको हैकमवादी प्रवृत्ति भ्रष्टप्रथालाई अप्रत्यक्ष रूपमा आलोचना समेत गरेको पाइन्छ । देशको बाम्बारको राजनीतिक परिवर्तन, जनताले प्रजातन्त्र पाएपछि उनीहरूको आशा र भरोसामा भएको कुठाराघात, देश विकास र योजनाका कार्यहरूलाई निम्नस्तरयि जनताका सामु पुऱ्याउन नसक्ने योजनाकारहरूलाई व्यङ्ग्यात्मक भावमा आलोचना गर्ने प्रवृत्ति उनको साहित्य सिर्जनामा देखिन्छ ।

## २.७.५ औपन्यासिक प्रवृत्ति

उपन्यासकार शङ्कर कोइराला नेपाली आख्यान विधाको उपन्यासका क्षेत्रमा सङ्ख्यात्मक रूपले सर्वश्रेष्ठ रही गुणात्मक रूपमा पनि चर्चित देखिन्छन् । उनले बयालीसवटा उपन्यास लेखी उपन्यासलाई गतिप्रदान गरेको देखिन्छ । यसरी धेरै उपन्यासहरू लेखेर अग्रणि व्यक्तित्व मानिने साधक कोइरालाले विशेष गरेर सामाजिक चित्रणलाई नै विषयवस्तु बनाएको पाइन्छ । ग्रामीण जीवनको चित्रण, निम्नवर्गीय मानिस र देशको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक भ्रष्टाचार, शोषण दमन व्यत्तिमा हरेको स्वार्थीपनाले निम्त्याएको विकृति र विसङ्गतिलाई औल्याउनु नै उनका उपन्यासका विशेषताहरू देखिन्छन् । तिनै विशेषतालाई सामान्य रूपले प्रस्तुत गर्न सकिन्छ :-

निम्नवर्गीय समाज र त्यही समाजमा बस्ने अशिक्षित गरिब, कुसंस्कारले ग्रस्त मानिसहरूको त्रासद, दु:खद् र विसङ्गतिपूर्ण अवस्थाप्रति झुकाव वराखी तिनीहरूको जीवन सुधारको भावना राख्ने कोइरालाले यथार्थ चित्रण गर्नु उनको औपन्यासिक विशेषता मानिन्छ । त्यस्ता समस्याहरूको उठान गरेर त्यसलाई उचित परिणतिमा नपुऱ्याई विभिन्न सम्भावनाका दोबाटो मै छाडिदिनु पनि उनको उपन्यासकारिताको विशेषता देखिन्छ । समाजका स-साना विषयवस्तुलाई टिपेर त्यसमा देखिएको विभिन्न विकृति अवस्थाको

चित्रणमा व्यङ्ग्यात्मक र आलोचनात्मक भाव अप्रत्यक्षरूपमा प्रस्तुत गर्नु पनि उनको उपन्यास लेखनको प्रवृत्तिगत विशेषताकै रूपमा देखिन्छ ।

नेपालका भौगोलिक विकटता भएका स्थान र त्यहाँका जनताले शिक्षाबाट बञ्चित रही अशिक्षा र अज्ञानताको अँध्यारोमा जीवन विताउन बाध्य भएको यथर्था, राजनीतिक परिवर्तनसँगै प्रजातन्त्रको आशा र देश विकासका कार्यमा हातलागेको असफलता, आडम्बरी र व्यक्तिगत स्वार्थले उनीहरूको जीवनमा आइपरेका दुरावस्थाको चित्रण गर्दै त्यस्ता नकारात्मक र जनता निरपेक्ष कार्यलाई रोक्ने व्यङ्ग्यात्मक अभिव्यक्ति पनि कोइरालाको उपन्यास लेखनको विशेषता देखिन्छ । देशको पञ्चायती व्यवस्था, त्यसले ल्याएको कुसंस्कृतिको बर्चस्व, महिला बेचविखन पुरुषप्रधान समाजमा नारीको दुःखद् जीवनभोगाइ, महिलाहरू यौनिक र सन्तानोत्पादनका साधानमात्र ठान्ने सङ्कीर्ण धारणा, चोरी डकैतिप्रति व्यङ्ग्य र आलोचना गर्दै मानिसमा चेतना जगाउनु उनको अर्को विशेषता देखिन्छ ।

साहित्यकार कोइरालाले आफ्ना कृतिहरूमा छरिएको कथावस्तुत व्यक्ति वा समाज नै नायक  बनाउनु, ऐतिहासिक सांस्कृतिक स्वरूप प्रस्तुत गर्नु, तिनमा देखिएका मोडउपमोड र परम्पराको समाख्यान गर्नु, यथार्थ परिवेशलाई कृतिमा उतार्नु र समाजको कुनै एक पक्षलाई मात्रै नभएर समग्र पक्षको उल्लेख गर्नु, औपन्यासिक विशेषता मानिन्छ । अशिक्षा र अज्ञानताले बलात्कार, लुटपाट, हत्या र आतङ्क मच्चाउने व्यक्ति र तिनीहरूमा देखिएको यौनजन्य क्रियाकलापलाई उपयुक्त र सरल भाषामा प्रयोग गर्नु, वाक्यात्मक पद्धतिमा कलात्मकता ल्याउनु, सामान्य भाषाद्वारा नकारात्मक व्यवहार र कार्यप्रति विशिष्ट रूपले व्यङ्ग्य गर्नु, आफ्ना दुरप्रवृत्तिहरू त्यागी प्रजानत्त्रको संरक्षण गर्नु, देश विकास र समाज, सेवामा लागि जनतालाई चेतना दिनु उचित रूपमा उखानटुक्का, आगन्तुक, झर्रा, तत्सम् र तदभव शब्दको प्रयोग गर्नु, कहीकही आलङ्कारिक र वर्णनात्मकशैली प्रस्तुत गरी औपन्यासिक कृति रचना गर्नु उनको कृतिगत विशेषता देखिन्छ । यसरी विविध तरिकाले परिवेश अनुसार यथार्थवादी दृष्टिकोण, व्यङ्ख्यात्मक, आलोचनात्मक, राष्ट्रप्रेमको भाव, देशविकास र जनताको जीवनप्रति आदर्शवादी दृष्टिकोण प्रस्तुत गर्दै त्यसभित्रका नराम्रा पक्षप्रति प्रतिकात्मक र व्यङ्ग्यात्मक रूपमा देखिनु उनको उपन्यासकारिताको मूलभूत विशेषता देखिन्छ ।

## परिच्छेद तिन

# उपन्यासको पात्र विधानमा सैद्धान्तिक ढाँचा

### ३.१ विषय प्रवेश

आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये एक नवीन विधाका रूपमा उपन्यासलाई अगाडि सार्न सकिन्छ । यसको इतिहास नेपाली उपन्यासमा मात्र नभई विश्व साहित्यमा नै एउटा स्थापित र लोकप्रिय विधाका रूपमा उपन्यास विधालाई लिइएको छ । नेपाली साहित्यको उपन्यास शब्द तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा धञ् प्रत्यय समेत लागेर (उप+नि+अस्+घञ्) उपन्यास शब्दको व्युत्पति भएको हो ।

संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा हेरिएको छ भने गद्य आख्यानको रूपमा प्रचलित साहित्यको नोबेल (Novel) शब्द नेपाली साहित्यको उपन्यास शब्द पर्यायवाची शब्दको रूपमा आएको प्रतीत हुन्छ । नोबेल शब्द इटालेली भाषाको नोवस् (Noves) तथा नोबलस् (Novallows) शबदबाट आएको हो । अङ्ग्रेजीको यही नोबेल शब्द बंगाली, हिन्दी साहित्यमा स्थापित हुँदै आएको दखिन्छ । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, किस्सा, टिप्पणीमूलक समाचार आदि अर्थलाई बुझाए तापनि आधुनिक साहित्यमा उपन्यास निश्चित आयाम भएको गद्यमय आख्यान हो जसमा मानव जीवन र जगत्का यथार्थ पक्षको सजीव चित्रण गरिएको हुन्छ । यसको वास्तविक वस्तु विन्यास व्यवस्थित, श्रृङ्खलित सङ्गठित र पूर्ण हुन्छ । विद्वान्हरूले उपन्यासलाई विभिन्न कोणबाट परिभाषित गरेका छन् । उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । यसमा जीवनको यथार्थ चित्रणका प्रस्तुतिहरू जीवनका क्रियाकलापलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ । वस्तुलाई शिल्पले शैलीलाई संयोजन गरिदिएको हुन्छ । समाज जीवनमा आएका परम्परा र सांस्कृतिक पक्षहरू चिन्तन परम्पार र मान्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ । रचनामा अन्तरवस्तु र रूपको समन्वय गरिनुपर्छ भन्ने धारणा प्रस्तुत गरिएको हुन्छ । रचनामा कथ्य र कथनको, भाषा र शैलीको युग र जीवनको परिवेश र विचारको, शिल्प र प्रस्तुतिको अवस्थालाई उपयुक्त ढङ्गले मानजीवनका इतिवृत्ति बिम्बन गर्ने काम गरिएको हुन्छ (सुवेदी, २०६४ :

१२) । मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्ति गर्न आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ (बराल र एटम, २०५६ : ८) । यसर्थ जीवनको सम्पूर्ण चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको गद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

उपन्यासमा पात्र विधान एक अपरिहार्य तत्त्व हो र उपन्यासको कथावस्तुलाई गतिशील बनाउन उपन्यासमा पात्रको निकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पूर्वीय एवम् पाश्चात्य मान्यतामा पनि चरित्रलाई अभिन्न अङ्गको रूपमा लिइएको पाइन्छ । सामाजिक वैयक्तिक वा मानवीय आधारमा पात्रहरूका वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य हो (प्रधान, २०६१ : ८) । चरित्र चित्रण चरित्रको विकास व्यवहार, आरोह, अवरोहको क्रियाकलाप प्रस्तुत गर्ने माध्यम हो । सफल उपन्यास हुनका लागि उपयुक्त चरित्रको निर्माण गर्नु जति आवश्यक छ । उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्र चित्रण गरिन्छ । चरित्र चित्रणको प्रत्यक्ष विधिमा उपन्यासकारले पात्र वा चरित्रका क्रियाकलापको बारेमा आफ्नो दृष्टिकोण राख्दछ ।

मानव सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मानिसका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरूबाट पनि मान्छेका चरित्र उद्घाटित भएका हुन्छन् । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता र चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । त्यसरी तानेर ल्याइएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यास भित्र चरित्र प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थिति भएको हुन्छ (सुवेदी, २०५३ : १७) । यसरी प्रमुख संवाहक मानिएको पात्रले कुनै वर्ग, सम्प्रदाय संस्कृति वा पुरै युगको प्रतिनिधि बनेर मान्छेका शाश्वत सत्यलाई ओकल्ने कार्य गर्ने हुनाले पात्रका हरेक क्रियाकलाप महत्त्वपूर्ण मान्छिन् ।

## ३.३ पात्रको परिचय

पात्र उपन्यासको एक महत्त्वपूर्ण तत्त्व हो । पात्रको माध्यमबाट नै उपन्यासले गति लिने गर्दछ । पात्र वा चरित्र भनेको व्यक्ति वा आख्यानात्मक प्रतिनिधि हो (शर्मा, २०६८ :

३१) कथा वस्तुलाई गतिशील बनाउने काम पात्रहरूले गर्दछन् । कथावस्तुका सम्पूर्ण कार्य एवम् घटनाहरू पात्रमा निहित हुन्छन् । अरिस्टोलका अनुसार कुनै व्यक्तिका रुचि अरुचिलाई प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोगनलाई व्यक्त गर्दछ भने त्यसलाई चरित्र भनिन्छ । उनका अनुसार चरित्रमा भद्रता, औचित्यता जीवन अनुरूपता, एक रूपमता संभाव्यता अनुकृतिमूलक वैशिष्ट्य हुनुपर्छ । उनी चरित्रहरूमा आकस्मिक हुनु हुँदैन भन्दै स्थिर चरित्र पनि उपयुक्त किसिमको हुनुपर्दछ भन्दछन्

पात्र जति जीवन्त सशक्त र संवेद्य हुन्छन् त्यति नै कृति वा रचना प्रभावोत्पादक हुन्छ । पात्रहरू मध्ये नायक र नायिका दुई पात्र मुख्य हुन्छन् अरू सहायक गौण पात्रहरू हुने गर्दछन् । पात्रहरू खास गरी मानवीय र मानवेतर हुने गर्दछन् ।

## ३.४ पात्र सम्बन्धी परिभाषा

पात्र काव्य, नाटक, कथा र उपन्यास आदिमा चरित्रको वर्णन गरिएको नायक, नायिका वा अन्य कुनै व्यक्ति पात्र हुन् (नेपाली बृहत् शब्दकोश २०७२ : ७६४) । पात्रको परिभाषा साहित्यका विभिन्न विधाको त्तात्विक विवेचनाका क्रममा विभिन्न कोणबाट गरिएको पाइन्छ । ग्रीक लेखक थियोफ्रास्टले इशाको दोस्रो शताब्दीतिर क्यारेक्टर्स नामको किताब लेखी साहित्यिक विधा पात्रको सुरुवात गरेको देखिन्छ । 'क्यारेक्टर' शब्दको रूप १७ औं शताब्दीको प्रारम्भतिर व्यापक प्रचलनमा आएको पाइन्छ । तत्कालीन लेखकहरू जोसेफ सर थोमस, ओभरबरी र जोन अर्लीद्वारा क्यारेकटरको सम्बन्धमा लेखिएका पुस्तकहरूले पछिल्ला निबन्ध इतिहास र आख्यानका लेखकहरूलाई प्रभाव पारेको पाइन्छ । क्यारेक्टर भनेका वर्णनात्मक वा नाटकीय कृतिमा प्रस्तुत अथवा प्रतिनिधित्व गराइएका व्यक्तिहरू हुन् जसले संवाद र अभिनयका माध्यमद्वारा लेखकले दिन खोजेको सन्देशलाई पाठक सामु पुऱ्याउँछ । ई. एम फोस्टरले सन् १९२७ मा 'एक्पेक्ट अफ नोबल' भन्ने पुस्तकमा चेप्टा र गोला पात्रका बारेमा व्याख्या गरेका छन् । उनका अनुसार चेप्टा पात्र भनेका एकल विचार वा गुणले निर्माण भएको हुन्छ र धेरै व्यक्तिगत विवरण प्रस्तुत गरिएको हुन्छ जसले गर्दा एकै वाक्यमा वर्णन गर्न सकिन्छ । त्यस्तै स्वभाव र उत्प्रेरणामा जटिल प्रकृतिको हुने गोला पात्रलाई सूक्ष्म विशेषताको प्रतिनिधित्व गराइन्छ र त्यस्ता पात्रहरूलाई वास्तविक जीवनका अर्थात् व्यक्तिका रूपमा वर्णन गर्ने भएकाले पाठकलाई आश्चर्यमा पारिदिन्छन् ।

एम. एच्.अब्राम्सका अनुसार क्यारेक्टर भनेको वर्णनात्मक आख्यानात्मक वा नाटकीय कृतिमा प्रतिनिधित्व प्रस्तुत गराइएका व्यक्तिहरू हुन् जसले संवाद र अभिनयका माध्यमबाट लेखकले दिन खोजेको सन्देशलाई पाठकसामु पुऱ्याउँछ (अब्राम्स, १९९३: २३) ।

त्यसैगरी दयाराम श्रेष्ठका अनुसार आख्यानको कथावस्तुको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भ भूमिका खेल्दछन्, जसबाट आख्यानात्मक कृतिको संरचना तयार हुन्छ (२०५७ : १०) । श्रेष्ठले पात्रलाई आख्यानमा स्तम्भ भूमिकाका रूपमा परिभाषित गरेका छन् । श्रेष्ठले नै आफ्नो अर्को पुस्तकमा पात्रलाई यसरी परिभाषित गरेका छन् "पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणलाई क्रमबद्धता गर्ने एक अत्यावश्यक माध्यम हो" (२०३९ :३०) ।

त्यस्तै पात्र सम्बन्धी परिभाषा गर्ने क्रममा नेपाली विद्वान्हरू कृष्णहरि बराल र नेत्र एटमका अनुसार उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने प्राणीलाई पात्र भनिन्छ (२०५८ : ३०) ।

राजेन्द्र सुवेदीका अनुसार "आख्यानको कथानकलाई अगाडि बढाउँदै मानव जीवनको भाष्य उतार्ने तत्त्वलाई पात्र भनिन्छ" (२०५३ : १७) । त्यस्तै कृष्ण चन्द्रसिंह प्रधानका अनुसार जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनसित सम्बद्ध हुने मानवीय वा मानवेतर प्राणीलाई पात्र भनिन्छ (२०५८ : ८) । त्यसरी नै केशवप्रसाद उपाध्यायले आफ्नो ग्रन्थमा 'साहित्य प्रकाश' मा पात्र सम्बन्धी परिभाषा दिइएको पाइन्छ । उनका अनुसार "चरित्र त्यो माध्यम हो जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्यको प्रस्तुतीकरणको प्रयास गरिन्छ" (२०४९ : १५७) ।

पात्रका बारेमा गरिएका परिभाषा उपन्यासका सन्दर्भमा मात्र नभई सबै आख्यान र खासगरी आख्यानात्मक कृति सन्दर्भमा आएका हुन् । पात्र विना कथाको निर्माण हुँदैन । त्यसैले पात्रले आख्यान कथानक निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

अतः आख्यानको कथावस्तुसित विविध कथानक तथा तन्तुहरूलाई गति दिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र भनेर परिभाषित गर्न सकिन्छ ।

## ३.५ पात्र विधान

उपन्यासभित्र कुनै पनि विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५८ : ३०) । उपन्यासमा घटना घटाउने कार्यमा पात्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । आख्यानात्मक कृतिमा प्रत्येक पात्रको रूपछवि बेग्लाबेग्लै किसिमबाट कुँदएिको हुन्छ । उपन्यासलाई सजीव र कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रले नै लिएको हुन्छ । पात्रको कार्यव्यापरले आख्यानात्मक कृतिमा सजीवता मात्र होइन रोचकता पनि सृष्टि गरेको हुन्छ । व्यत्तिको अन्तरबाट दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्त्व हुन् । मानव जीवनको व्यापक चरित्रकै माध्यमले प्रकट हुने तत्त्व हुन् । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो (सुवेदी, २०६४ : २३) । साहित्यिक विद्वान्हरूको स्वीकारोक्ति अनुसार कथानक उपन्यासको शरीर हो भने चरित्र त्यसको प्राण हो । वर्तमान मानव चरित्र र मानव समाजलाई बुझ्ने प्रमुख तत्त्वको रूपमा चरित्र चित्रणले प्राथमिकता पाएको छ (प्रधान, २०६१ : ८) । प्राचीन र मध्यकालीन आख्यान परम्परामा परम्परामा पारलौकिक, अलौकिक र मानवेनर पात्रहरू बढी मात्रामा समावेश भएका हुन्थे भने आधुनिक कथा र उपन्यासमा चाहिँ जीवन र जगतका मानव प्रतिनिधि पात्रलाई नै प्रस्तुत गरिएको हुन्छ । पात्र चयनका दृष्टिले आधुनिक उपन्यासलाई प्राथमिक र मध्यकालीन आख्यान परम्पराबाट अलग्याइएको अनुभव हुन्छ । वास्तवमा उपन्यास कुनै विशेष घटनासँग कुनै विशेष घटना वस्तुको कथात्मक विवरण हो र त्यस घटनासँग सम्बन्धित व्यक्तिहरू नै उपन्यासका पात्र हुन् । यसो हुँदा पात्रविना औपन्यासिक संरचनाको कल्पना गर्नु असम्भव हुन्छ । खास गरी पात्र उपन्यासको जीवन हो भने कथानक चाहिँ मुटु वा प्राण हो । पात्रले नै उपन्यासलाई जीवन्त र चलायमान बनाउँछ । पात्रको चारित्रिक विकाससँग कथानकको पनि विकास भएको हुन्छ, औपन्यासिक परिणतिको बिन्दुसम्म पुग्दछ । पात्रको चारित्रिक परिवर्तसँग कथानकले पनि विकासको मोड परिवर्तन गर्दछ । यी परिवर्तनहरू नै घटना शृङ्खला हुन् ।

उपन्यासमा आफू बाँचेको संसार वा समाजबाट नै पात्रहरू मानवेतर चरित्रकै चित्रण गर्ने उद्देश्यले नभई मानवीय गुण स्वभावलाई उपहास गर्नका लागि एउटा बिम्बात्मक रूपमा उभ्याइएका हुन्छन् । उपन्यास एक आख्यानात्मक साहित्यिक कृति भएकाले उपन्यासमा प्रयुक्तक पात्रहरू नैतिक, अनैतिक गुणले युक्त हुन्छन् अनि तिनै पात्रको

चरित्रबाट मान्छेको बाह्य र आन्तरिक प्रवृत्तिको उद्घाटन भएको हुन्छ । सबै पात्रहरू फरक फरक वर्गका र बेग्लाबेग्लै व्यत्तित्वका प्रतिनिधि भएका हुनाले उपन्यासले प्रयुक्त पात्रहरू एक अर्कादेखि चरित्रगत रूपमा फरक ढङ्गका हुन्छन् । यस अवस्थामा पात्रको चारित्रिक विशेषण के हो भन्ने प्रसङ्गले पात्रको चारित्रिक वर्गीकरण गर्न सहयोग पुऱ्याउँछ ।

उपन्यास जसद्वारा घटनाहरू घट्दछ्न र ती घटनाहरूबाट जो प्रभावित हुन्छ त्यसलाई चरित्र भनिन्छ । अर्थात् औपन्यासिक घटना वा वस्तु रचनाको आधार नै उपन्यासका पात्र हुन् । (थापा, २०४२ : १२८) । आख्यानको निर्माण गर्दा त्यसमा चरित्र अनिवार्य रूपमा उपस्थिति हुनपर्दछ । कुनै व्यक्तिको भौतिक रूपरेखा र उसले विभिन्न कार्यप्रति देखाएको प्रक्रियाबाट उसको चरित्र मुखरित हुन्छ । आख्यान साहित्यको मूल आधार नै चरित्र चित्रण हो । कथानकको घटना त प्रायः पात्रहरू स्वभाविक बनाउनका लागि तय गरिन्छ । कथोपकथनले घटनालाई भन्दा अधिक चरित्रलाई व्यञ्जित र प्रकाशित गर्छ साथै आख्यानका उद्देश्यका महत्त्व पनि चरित्रमा नै निहित रहेको हुन्छ ।

## ३.६ पात्रको वर्गीकरण

उपन्यासका चरित्रहरू एकअर्काका सापेक्षतामा कस्ता विशेषता लिएर कृतिमा आएका छन् भन्ने कुरा तिनको वर्गीकरणद्वारा स्पष्ट गर्न सकिन्छ । पात्रहरूको गर्ने कार्यका आधारमा वर्गीकरण गर्न सकिन्छ । मोहनराज शर्माले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता र आबद्धताका आधारमा पात्रको वर्गीकरण गरेका छन् (२०४८ : १७५) । उनले गरेको पात्रको वर्गीकरण सम्बन्धी स्पष्टोक्ति निम्न अनुसारका उपशीर्षकमा दिइएको छ ।

(क) लिङ्गका आधारमा

लिङ्गको पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो छुट्याउन सकिन्छ ।

(ख) कार्यका आधारमा

यस दृष्टिले पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन् । उपन्यासमा सबै पात्रले उत्तिकै महत्त्वका कार्य गरेका हुँदैनन् । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएका पात्र प्रमुख हुन्छ भने त्यस भन्दा घटी कार्यमूल्य भएको पात्र गौण हुन्छ ।

(ग) प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकुल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिक निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत हुन्छ ।

(घ) स्वभावका आधारमा

यस दृष्टिले पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यास वा महाकाव्यमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ । परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने पात्र गतिहीन हुन्छ । ऊ आर्दशमा दृढ हुन्छ ।

(ङ) जीवन चेतनाका आधारमा

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

(च) आसन्तताका आधारमा

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

(छ) आबद्धयताका आधारमा

उपन्यासको कथानकसँग पात्रको सम्बन्धगँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिकदा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल हुँदैन । त्यसैगरी कृष्णहरि बराल र नेत्र एटमले (२०६६ : २९) ले उपन्यास कृतिमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू निम्नानुसार हुन सक्ने बताएका छन्:

(क) गतिशील र गतिहीन

वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छ । आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्न नआउने पात्र गतिहीन हुन्छ ।

(ख) यथार्थ र आदर्श

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र यथार्थपरक हुन्छ । आफ्नै चिन्तन-मननद्वारा संसारलाई बुझ्ने पात्रलाई आदर्श पात्र भनिन्छ ।

(ग) अन्तर्मुखी र बहिर्मुखी पात्र

जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोल-देखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ । अर्कातिर बहिर्मुखी पात्रको स्वभावचाहिँ आफ्ना मनका कुराहरू अरूलाई भनीहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ । उसको जीवनलाई रमाइलो अनुभवका रूपमा लिएको हुन्छ ।

(घ) गोला र च्याप्टा पात्र

जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वभाविकता ज्यादा हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा पात्र भनिन्छ ।

(ङ) सार्वभौम र आञ्चलिक पात्र

जताततै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ जसका क्रियाकलाप वातावरण आरुढ हुँदैनन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यायवरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् ।

(च) पारस्परिक र मौलिक

पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदीहिँड्ने पात्र पारस्परिक वा रुढ हुन्छन् । सिर्जना भइसकेको वा परम्पराको गोरेटोमा हिँड्ने जस्ता पात्रहरू कहिलेकाहीँ प्रभावकारी पनि सिद्ध हुन्छन् जब तिनले प्रतीकात्मक रोगन पाउँछन् । मौलिक पात्र भनेको स्रष्टाको नौलो सिर्जना हो । यसमा पाठकलाई तान्ने शक्ति हुन्छ ।

त्यसैगरी ऋषिराज बरालले (२०५६ : ३४-३५) मा उपन्यास कृतिमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू निम्नानुसार हुन सक्ने बताएका छन्:

(क) गतिशील पात्र र स्थिर पात्र

गतिशील पात्रहरू कथानकको मोड र गतिअनुसार क्रियाशील हुन्छन्, कथावस्तुमा देखिने अवरोध र गतिअनुसार असल र खराब वा भिन्नभिन्न प्रवृत्तिमा देखा पर्दछन् । ती पात्रहरू जो आरम्भदेखि अन्तसम्म एउटै मूल्य, एउटै चरित्र र एउटै प्रवृत्तिका साथ देखा पर्दछन्, जसमा कुनै भिन्नता वा आरोह-अवरोह देखिँदैन । त्यस्ता पात्रहरूलाई स्थिर वा गतिहीन पात्र भन्ने गरिएको छ ।

(ख) गोला पात्र र चेप्टा पात्र

उपन्यासमा गोला र चेप्टा पात्रहरूको देन मूलतः ई.एम् फोर्स्टरको हो । जीवनलाई जटिल रूपले भोग्ने र क्षण क्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ; गोला पात्रमा स्वच्छन्दता र स्वाभाविकता ज्यादा हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । च्याप्टा पात्रमा आदर्शको मात्रा गह्रौं हुन्छ भने स्रष्टाको निश्चित धारणामा च्याप्टा पात्र अड्छन् । त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् । गोला पात्रचाहिँ जीवनलाई आफैं भोग्छन् । ती

जिउँदा प्राणी हुन् । किनभने यिनको चरित्रको एउटै मात्र आयाम हुँदैन । यस्ता पात्र मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी ठहर्दछन् ।

(ग) प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र

उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये केही निश्चित सामाजिक वर्गको वा समुदायको भूमिका निर्वाह गरी वर्गको प्रतिनिधित्व गर्ने पात्र प्रतिनिधि पात्र हुन् । प्रतिनिधि पात्रले निश्चित समुदायको दुःख, सुख, कठिनाइ र समस्याको प्रस्तुति गरिरहेको हुन्छ । आफ्नै निजी स्वभाव वैयक्तिक भावना र संवेदनाको प्रतिनिधित्व गर्ने पात्रहरू व्यक्तिपरक पात्र हुन् उपन्यासमा यिनीहरूको उपस्थिति कतै मुख्य रूपमा त कतै गौण रूपमा भए पनि कहिलेकाहीँ कसैसित नमिल्ने आफ्ने छुट्टै विशेषलक्षण समेत लिएर आएका हुन्छन् ।

(घ) अन्तर्मुखी र बहिर्मुखी पात्र

जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोल-देखि टाढा बस्न चाहने पात्र अन्तुर्मुखी हुन्छ । अर्कातिर बहिर्मुखी पात्रको स्वभावचाहिँ आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने आशावादी हुन्छ । उसले जीवनलाई रमाइलो अनुभवका रूपमा लिएको हुन्छ ।

चरित्र व्यक्तित्वको गुण दोषलाई प्रकट गर्ने मानवीय प्राकृतिक धर्म हो । आचार विचार र उच्चार यी तीन रूपमा चरित्रको प्रकाशन हुन्छ । चरित्र प्राकृतिक धर्म भएकाले यसको निरूपण वा चित्रण सहज र स्वभाविक हुनुपर्छ अर्थात् एउटा मानवीय संवेदनायुक्त व्यक्तिले जुन परिस्थिमा जे गर्नु मनोवैज्ञानिक दृष्टिले स्वभाविक ठहर्छ त्यसै रूपमा त्यसलाई चित्रित गर्नुपर्छ (उपाध्याय, २०४९ : १६७) पात्र वा चरित्रलाई वर्ग वा जातीयको आधारमा विभाजित गर्दा यी तीन थरी हुन्छन् : अभिजात वर्गीय, मध्यम वर्गीय र निम्न वर्गीय । स्वभावको आधारमा पनि चरित्रहरूको विभाजन गर्न सकिन्छ, जस्तै सामान्य र विशिष्ट । दुवै थरी विभाजनमा साधारण चरित्र नै यदि तिनमा स्वभाविकता छ भने लोकप्रिय हुन्छन् किनभने तिनमा समाजमा बाँचेका मानिसमा हुनुपर्ने मानवीय गुण हुन्छन् । यस्ता चरित्रलाई प्रतिनिधित्व चरित्र भन्न सकिन्छ (उपाध्याय, २०५९ : १६९) ।

पात्रहरूले चरित्र अनुरूप पात्रलाई विचारका आधारमा क्रान्तिकारी संशोधनवादी, अवसरवादी, प्रतिक्रियावादी पनि भनेर वर्गीकरण गर्न सकिन्छ (बराल, २०५८ :४८) । त्यस्तै गरेर पात्रहरूलाई ऐतिहासिक, सामाजिक, वैचारिक, मनोवैज्ञानिक भनेर विभाजन गर्ने परम्परा पनि पाइन्छ । यसरी भिन्न रूपमा पात्रको वर्गीकरण गरिएको पाइन्छ ।

## ३.७ खैरिनी घाट उपन्यासका पात्र विश्लेषणको आधार

पात्र उपन्यासका अनिवार्य तत्त्व हुन् । पात्रविना उपन्यासको कथावस्तुलाई अगाडि बढाउन नसकिने भएकाले उपन्यासमा पात्रको अनिवार्य भूमिका रहेको हुन्छ । उपन्यासमा उपस्थिति भएर पात्रले विभिन्न कार्यहरू गर्ने गर्छन् । प्रत्येक पात्रको विचार र संस्कृति पनि फरक फरक हुन्छ । खैरिनी घाट उपन्यासमा प्रयुक्त पात्रको विश्लेषण पात्रहरूले उपन्यासमा निर्वाह गर्न कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धका आधारमा विश्लेषण गरिएको छ ।

(क) कार्यका आधारमा

उपन्यासले सिङ्गो जीवन तथा समाजको चित्रण गर्ने हुँदा यस्तो बृहत् आख्यानात्मक कृतिमा पात्र सङ्ख्या पनि अधिक नै हुन्छन् । अझ उपन्यास विभिन्न घटनाको एउटा शृङ्खला भएको हुनाले घटना पिच्छे नयाँ नयाँ पात्रहरू देखा पर्नु स्वभाविकै हो । यो कार्यमूल्य वा कार्यको घटी बढीका आधारमा चरित्रलाई छुट्याउने आधार हो । यस आधारमा पात्रहरू तीन प्रकारका हुन्छन् - प्रमुख, सहायक र गौण पात्र गरेर विभाजन गर्न सकिन्छ

(प्रधान, २०४० : ५) । प्रमुख पात्रहरूमा नायक, नायिका, खलनायक पर्दछन् । यस उपन्यासमा भक्तवीरे प्रमुख पात्र हो । नैरिते, सिंगवीरे, फेन्टे, पण्डित हरिप्रसाद धीर्जवीरे र कालुमाने, वैद्य, डिठ्ठा सीताराम, भक्तेकी आमा र निमा सहायक पात्रहरू हुन् । ठिटाहरू, राममान, कान्छी, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू ठुटे, फुर्के, भट्टिनी साहिली, महीबले, दमिनी, लालवीरे, भेडाव्यापारी भेडा गोठालाहरू, हलथोके, धनसिंगे, व्यापारीहरू, सिपाहीहरू, पुजारी हरिबले गौण पात्रहरू हुन् ।

(ख) प्रवृत्तिका आधारमा

उपन्यासमा प्रवृत्तिगत आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् अनुकूल र प्रतिकूल । यसलाई सकारात्मक र नकारात्मक प्रवृत्ति आधारमा चरित्रलाई छुट्याउने आधार मानिन्छ । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रले सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्दछ । आफ्नो समाजको रीतिस्थितिलाई पालना गर्ने, मान्ने र समाज व्यवस्थालाई नखल्बल्याइक हिँड्ने चरित्रलाई सकारात्मक चरित्र सत्पात्र वा अनुकूल पात्र भनिन्छ । खैरिनी घाट उपन्यासका पण्डित हरिप्रसाद, पुजारी, व्यापारीहरू जस्ता पात्रहरू सकारात्मक प्रवृत्तिका अनुकूल पात्रहरू हुन् । अर्कोतर्फ नकारात्मक भूमिका निर्वाह गर्ने पात्रहरूलाई असत् वा प्रतिकूल पात्र भनिन्छ । अनुकूल पात्रहरूले पाठकबाट सहानुभूति प्राप्त गरेका हुन्छन् भने प्रतिकूल पात्रहरूले पाठकबाट घृणा प्राप्त गर्दछन् । प्रतिकूल वर्गको प्रमुख वा सहायक पुरुष पात्र छ भने त्यो खलनायक हुन्छ र स्त्री पात्र छ भने खलनायिका हुन्छे (शर्मा, २०५९ : १५५) । यस आधारबाट कुन कुन पात्र खल र कुन कुन पात्र सज्जन हुन्छ भन्ने पनि छुट्टिन्छ । यस प्रकारका पात्रहरूमा भक्तवीरे, नैरिते, सिंगवीरे, फेन्टे, धीर्जवीर, कालुमाने, वैद्य, भक्तेकी आमा, ठिटाहरू, कान्छी, जिम्मावालु, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू, ठुटे, फुर्के, भट्टिनी साहिली, महीबले, हरिबले, दमिनी, लालवीरे, भेडा व्यापारी भेडा गोठाला, हलथोके घनसिंगे सिपाहीहरू प्रतिकूल वर्गका पात्रहरू मानिन्छन् ।

(ग) स्वभावका आधारमा

यो चरित्रगत विकास एवम् परिवर्तनको स्थिरता अस्थिरतका आधारमा चरित्रलाई छुट्याउने आधार हो । आख्यानात्मक पात्रहरू केही बदलिँदो स्थिति अनुसार बदलिने स्वभावका हुन्छन् भने केही परिस्थिति अनुसार नबदलिने स्वभावका पनि हुन्छन् । यस आधारमा पनि चरित्र दुई वर्गका हुन्छन् । परिस्थिति अनुरूप बदलिने पात्र गतिशील वर्गका हुन्छन् । उनीहरू आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारलाई परिवर्तन गरी परिस्थिति अनुकूल बन्दछन् । यस्ता चरित्रले महत्त्वपूर्ण र क्रान्तिकारी परिवर्तन ल्याउँछन् । यस्ता पात्रहरू क्रियाशील र सजीव पात्रहरू हुन्छन् । 'खैरिनी घाट' उपन्यासमा यस प्रकारका पात्रमा पण्डित हरिप्रसाद, व्यापारी पुजारी जस्ता पात्रलाई लिन सकिन्छ ।

अर्कोतर्फ उपन्यासमा आद्यान्त उस्तै रहने पात्र चाहिँ गतिहीन वर्गका हन्छन् । यस्ता चरित्र भएका पात्रहरू निष्क्रिय हुने हुनाले उपन्यासमा यिनको जीवन्त भूमिका हुँदैन । उपन्यासमा उसको चरित्र प्रारम्भदेखि अन्त्यसम्म दृष्टिकोण, सिद्धान्त र मतमा एकै प्रकारको रहन्छ । यस्ता प्रकारका पात्रहरूमा भक्तवीरे, नैरिते, सिंगवीरे, फेन्टे, धीर्जवीर, कालुमाने, वैद्य, भक्तेकी आमा, ठिटाहरू, राममान, कान्छी, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू, ठुटे, फुर्के, भट्टिनी, साहिली, महीबले, दमिनी, लालवीरे, भेडा व्यापारी, भेडा गोठाला, हलथोके, धनसिंगे, सिपाहीहरू जस्ता पात्रहरू पर्दछन् ।

(घ) जीवन चेतना आधारमा

आफ्नो मात्र वा अरूका पनि जीवनको प्रतिनिधित्व गर्ने आधारमा पात्र दुई वर्गका वर्गगत र व्यक्तिगत हुन्छन् । उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये केही निश्चित सामाजिक वर्गको वा समुदायको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गगत पात्र हुन् । वर्गगत पात्रले निश्चित समुदायको दुःख, सुख, कठिनाइ र समस्याको प्रस्तुति गरिरहेका हुन्छन् । यस्ता चरित्र विशिष्ट नभई सामान्य हुन्छन् । पण्डित हरिप्रसाद फेन्टे, कालुमाने, राममान, ढाक्रेहरू, व्यापारी, पुजारी वर्गगत पात्र मान्छिन् ।

अर्कोतर्फ आफ्नै निजी स्वभाव, वैयक्तिक भावना र संवेदनाको प्रतिनिधित्व गर्ने पात्रहरू पनि पाइन्छन् । उपन्यासमा यिनीहरूको उपस्थिति कतै मुख्यरूपमात कतै गौण रूपमा भए तापनि कहिलेकाहिँ कसैसित नमिल्ने आफ्नै छुट्टै विशेष लक्षण समेत लिएर आएका हुन्छन् । यस विवेच्यमा भक्तवीरे, नैरिते, सिंगवीरे, धीर्जवीर, वैद्य, डिठ्ठा, सीताराम, निमा, ठिटाहरू, कान्छी, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, मझिनी, ठुटे, फुर्के, भट्टिनी साहिली, महीबले, लालवीरे हलथोके र धनसिंगे जस्ता पात्रहरूलाई व्यक्तिगत पात्रका रूपमा लिइन्छ ।

(ङ) आसन्नताका आधारमा

यो उपन्यासको कार्यव्यापारमा प्रत्यक्ष र परोक्ष उपस्थितिका आधारमा चरित्रलाई छुट्याउने आधार हो । उपन्यासमा कुनै चरित्र प्रत्यक्ष रूपले उपस्थित भई कार्यव्यापार गर्दछ भने कतै अप्रत्यक्ष रूपमा वा उपस्थित चरित्रको मुखबाट नाममात्र उच्चारित हुने गर्दछ । यसरी कार्यव्यापारमा भएको संलग्नताका आधारमा पनि चरित्रहरूलाई मञ्चीय र

नेपथ्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । मञ्चीय पात्रले उपन्यासमा प्रत्यक्ष रूपमा कार्यव्यापार प्रस्तुत गर्दछन् । उपन्यासमा स्वयम् व्यक्तिका रूपमा अघि आउने वा प्रत्यक्ष रूपमा आई संवादमा बोल्ने र कार्य व्यापार गर्ने पात्र मञ्चीय पात्र हो । यिनीहरू वर्तमान विन्दुमा आएर कार्यव्यापारमा प्रत्यक्ष रूपमा सामेल भएका हुन्छन् । यस्ता पात्रहरूमा भक्तवीरे, नैरिते, सिंगवीरे, फेन्टे, पण्डित, हरिप्रसाद, धीर्जवीर, कालुमाने, वैद्य, डिठ्ठा, सीताराम, भक्तेकी आमा र निमा जस्ता पात्रहरू मञ्चीय पात्रका रूपमा देखिएका छन् । उपन्यासमा प्रत्यक्ष रूपमा देखा नपरी अन्य पात्रले नामोच्चारण मात्र गरेका पात्रलाई नेपथ्यीय पात्रका रूपमा चिनिन्छ । यिनीहरू वर्तमान विन्दुभन्दा पूर्वकालमा नै सक्रिय रहेका हुन्छन् र केवल वर्णनमा मात्र आउँछन् । उपन्यासमा यस आधारबाट हेर्दा ठिटाहरू, राममान, कान्छी, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू, ठुटे, फुर्के, भट्टिनी साहिली, महीबले, हरिबले, दमिनी लालवीरे भेडा व्यापारी, भेडा गोठाला, हलथोके, धनसिंगे, सिपाहीहरू, पुजारी र व्यापारीहरू नेपथ्यीय पात्र हुन् ।

(च) आबद्धताका आधारमा

उपन्यासमा कथानकसँग पात्रको सम्बन्धगँसाइलाई आबद्धता भनिन्छ । उपन्यासको कथानकमा बद्ध पात्र र मुक्त पात्रका आधारमा चरित्रलाई विभाजन गरिन्छ । उपन्यासमा अनिवार्य रूपमा आउने पात्र बद्ध पात्र हो । बद्ध पात्रहरूलाई झिक्दा कथानकको संरचना भत्किन्छ । यिनीहरूको उपस्थिति उपन्यासमा महत्त्वपूर्ण हुन्छ र कथानकले गति लिन्छ । यस उपन्यासमा भक्तवीरे, नैरिते, सिंगवीरे, पण्डित हरिप्रसाद र भक्तेकी आमा जस्ता पात्रहरू बद्ध पात्र हुन् । कथानकमा अति कम महत्त्व लिएर आएका पात्रहरू मुक्त पात्रहरू हुन् । यस्ता पात्रहरूलाई झिकदा पनि कथानकको संरचनामा कुनै फरक पर्दैन । उपन्यासको गति बढ्न यस्ता पात्रहरू नभए पनि हुन्छ भनिने किसिमको ऐच्छिक पात्र मुक्त पात्र हो । तिनले कथानकको विकासमा खासै योगदान पुऱ्याउँदैनन् । यस्ता पात्रहरूमा फेन्टे, धीर्जवीर, कालुमाने, वैद्य, डिठ्ठा सीताराम, निमा, ठिटाहरू, राममान, कान्छी, जिम्मावाल वीरपर्सात सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू, मझिनी, ठुटे, फुर्के, भट्टिनी साहिली, महीबले, हरिबले, दमिनी, लालवीरे, भेडा व्यापारी, हलथो, धनसिंगे, सिपाहीहरू पुजारी र व्यापारी जस्ता पात्रहरू मुक्त पात्रहरू हुन् ।

(छ) लिङ्गका आधारमा

लिङ्गलाई उपन्यासमा प्रयुक्त पात्रहरूको शारीरिक संरचना र लैङ्गिक आधारमा छुट्याइन्छ । यस आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् पुलिङ्ग र स्त्रीलिङ्ग । कुनै पनि उपन्यासमा पुरुष पात्रका साथसाथै स्त्री पात्रको पनि महत्त्वपूर्ण भूमिका पाइन्छ । यी दुवै चरित्र आ-आफ्ना स्थानमा रहेका हन्छन् । यी दुईलाई पनि वर्गीकरणका साथ छुट्याइन्छ । खैरिनी घाट उपन्यासमा भक्तवीरे, नैरिते, सिंगवीरे, फेन्टे, पण्डित हरिप्रसाद, धीर्जवीर, कालुमाने, वैद्य, डिठ्ठा सीताराम, ठिटाहरू, राममान, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, जगते, ढाक्रेहरू, ठुटे, फुर्के, महीबले, हरिबले, लालवीरे, भेडाव्यापारी भेडा गोठाला, हलथोके, धनसिंगे, सिपाहीहरू, पुजारी र व्यापारीहरू पुलिङ्गी पात्र हुन् । त्यसैगरी भक्तेकी आमा, कान्छी, निमा, दमिनी, भट्टिनी साहिली, जस्ता स्त्रीलिङ्गी पात्र हुन् ।

खैरिनी घाट उपन्यासका पात्रहरूलाई समाजवादी र समाज विरोध पात्र भनी विश्लेषण गर्न पनि सकिन्छ । जुन पात्रहरू समाजको प्रगति साथै समस्या देशको हित भलाइका लागि मरि मेट्छन् त्यस्ता पात्रहरूलाई समाजवादी पात्र अन्तर्गत राखिन्छ । त्यस्ता पात्रहरू कल्याणकारी भएकाले सबैको भलाइ चाहन्छन् अरूको प्रगति देखेर रमाउँछन् । त्यस्ता पात्रहरूमा पण्डित हरिप्रसाद, पुजारी, व्यापारी जस्ता पात्रहरू पर्दछन् । यी पात्रहरू समाजको विकासको गतिलाई अघि बढाउने सारथि हुन् । यिनीहरू समग्र अनुकूल परिवर्तन समेतको अपेक्षा राख्दछन् ।

अर्कातिर जो समाजको हित, भलाइ चाहँदैनन् समाजको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक जस्ता सम्पूर्ण पक्षहरूको परिवर्तनका अवरोध खडा गर्दछन् त्यस्ता पात्रहरूलाई समाज विरोधी पात्रको रूपमा नामकरण गरिन्छ । समाजभित्रै व्यक्ति रहेकोले समाजको विकासको गति ठप्प हुँदा व्यक्तिको चौतर्फी विकास समेत ठप्प हुन्छ । त्यसबेला उनीहरू कालाबजारीको लुट फैलाउने, आतङ्क मच्चाउने, जस्ता कार्य गरेर कानुनलाई हातमा लिने कुचेष्टा गर्दछन् । कहिलेकाहीँ देशमा कमजोर सरकार हुँदा समेत यस्तो स्थिति देखा पर्दछ । त्यसबेला साउने झरीका जुकाहरूझैं, उनीहरू सल्बलाउने गर्दछन् र समाज विकासको गतिलाई ठप्प पार्ने गर्दछन् । त्यस्ता पात्रहरूमा भक्तवीरे, नैरिते, सिंगवीरे, फेन्टे, धीर्जवीर, वैद्य, डिठ्ठा सीताराम, निमा, जिम्मावाल, वीरपर्सात, सन्तमाने, जनमसिंगे, भट्टिनी, साहिली, दमिनी, प्रहरी प्रशासन जस्ता पात्रहरू यस अन्तर्गत पर्दछन् ।

औपन्यासिक कृतिको पात्र विधान अध्ययनको उपयुक्त आधारमा केन्द्रित रही परिच्छेद तिनमा खैरिनी घाट उपन्यासका पात्रको अध्ययन गरिएको छ ।

## ३.८ निष्कर्ष

कुनै पनि आख्यानगत कृतिमा धैरै वा थोरै पात्रहरू हुने गर्दछन् । ती पात्रहरूको भूमिका वा चरित्रहरू फरक फरक हुने गरेको पाइन्छ । आख्यानमा रहेका यी र यस्ता विविध पात्रहरूको विशलेषण गर्ने विभिन्न आधारहरू रहेको पाइन्छ । यस्ता पात्रहरूलाई जीवका आधारमा सजीव र निर्जीव, कार्यका आधारमा मुख्य, सहायक र गौण, लिङ्गका आधारमा पुरुष र स्त्री, स्वभावकाआधारमा गतिशील र स्थिर, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, जीवनचेतनाका आधारमा व्यक्तगत र वर्गगत, आसन्नताका आधारमा नेपथ्यीय र मञ्चीय, आबद्धताका आधारमा बद्ध र मुक्त गरी विश्लेषण गर्न सकिन्छ ।

### परिच्छेद चार

# खैरिनी घाट उपन्यासको पात्र विधानको अध्ययन

## ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा पात्र, पात्रविधानका साथै मुख्य पात्रको चरित्रचत्रण, सहायक र गौण पात्रको चरित्रचित्रणको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यसमा उपन्यासका पात्रको मनोवैज्ञानिक तथा सामाजिक विश्लेषणका आधारको चिनारी पनि प्रस्तुत गरिएको छ । पात्रका मनोवैज्ञानिक विश्लेणलाई उसको व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व मानसिक अवस्था आदिका आधारमा पात्रका सामाजिक विश्लेषणलाई वर्गीय, लिङ्गीय, धार्मिक, सांस्कृतिक र जातीय आधारमा विश्लेषण गर्न सकिन्छ । त्यसैले ती विविध आधारमा पात्रको विश्लेषण यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.२ खैरिनी घाट उपन्यासको विश्लेषण

'खैरिनी घाट' पूर्व नं. २ रामेछाप अन्तर्गत पर्ने कोथपे गाउँ र त्यहाँ बसोबास गर्ने माझीहरूको रहनसहन, रीतिस्थिति, चेतनास्तर र जीविकालाई जस्ताको तस्तै प्रस्तुत गर्ने उपन्यास हो । यस उपन्यासको नायक मिजार धीर्जवीरको छोरो भक्तवीरे हो । दस वर्षपछि कलकत्ताबाट फर्केको भक्तवीरे आफ्नी कान्छी आमासँग आसक्त भएको प्रसङ्गले यसमा कुतूहलता बढाएको छ । प्रजातन्त्र प्राप्तिपछिको आन्दोलनका बारेमा भएका वार्तालाप, महीबलेले दमिनी ल्याएको र यस कारण गाउँ छाड्नुपर्ने परिस्थिति, चितुवा मार्ने प्रसङ्ग, चोरीमा लागेको नैरितेको प्रसङ्ग, धीर्जवीर र डिट्ठाले गरेको गाउँको शोषण अनि अन्त्यमा भक्तवीरेले पाखिन कान्छीलाई जात्राबाट भगाएर लगेको घटनावर्णले उपन्यासको संरचना निर्माण भएको छ। कथानकको निश्चित गोरेटो नभएकाले यसमा विविध घटनाहरू क्रमहीन रूपमा आएका छन् कतै क्रमिक र कतै पूर्वदीप्तिका रूपमा चित्रित यस्ता घटनाहरूबाट कामवृत्तिको स्वभाविक चित्रण भएको छ भने अचेतन मनको प्रकटीकरण पनि प्रशस्त भएको छ । देश भक्तिका कुराहरू पनि यसमा आएका छन् । यसले गर्दा उपन्यासको झल्को दिने

यो उपन्यास दुरबिनबाट गरिएको कोथपे र सुनकोशी नदीपरिवारको परिवेशको अवलोकन जस्तै बनेको छ ।

आञ्चलिक उपन्यासका रूपमा चाहिँ खैरिनी घाट उपन्यास नेपालीको प्रथम र उत्कृष्ट उपन्यास हो (बराल र एटम २०६६ : १००-१०१) । रामेछापको सुनकोशी किनारको खैरिनी घाट र काथपे गाउँ तथा त्यस परिपरिका दुम्जा, ज्यामिरे आदिको सजीव चित्रण यसमा पाइन्छ । कोसीवारिकको कोथपे र पारिको दुम्जा खहरेबजार, झाँगाझोली आदिमा पाइने वनस्पति भूबनोट तथा जनजीवनका साधन तथा रीतिस्थितिको साङ्गोपाङ्गोको वर्णनको उद्देश्य यसमा अन्तर्निहित छ । माझीहरूको काम माछा मार्नु हो भने भट्टिमा रक्सी बनाएर बेच्ने तथा युवारु जाँड खाएर बरालिने संस्कृतिको त्यहाँ हाबी भएको । जारी गरेर उमेर नमिल्ने श्रीमती ल्याउने प्रचलन, जातभातको भेदभाव, बिरामी परेका बेला धामी लगाउने क्रमबद्धता, रणाशासनको समात्तिको अर्थ नबुझ्नेहरूको सङ्कीर्ण सोचाइ तरुनी जिस्क्याएर बस्ने अल्लारे ठिटाहरूको जमघट, अवैधानिक तिरो उठाउने ठगहरूको चर्तिकला यसमा प्रस्ट देखाइएको छ । पानी ओसार्ने, घाँसदाउरा गर्ने, दियालो बाल्ने बाध्यता पनि त्यहाँका मान्छेहरूमा रहेको छ । त्यहाँको मौलिक वेशभूषा तथा बोलीको स्वाभाविकताबाट पाठक आफै खैरिनी घाट पुगेको अनुभव गर्दछ । यस उपन्यासको उद्देश्य नै आञ्चलिकता सिर्जना गर्नु रहेको छ । यसरी सहरिया सभ्यता भन्दा टाढा रहेका निम्नआर्थिकस्तर भएका माझीजाति र जटिल भूबनोट भएको कोथपे गाउँको चित्रणले गर्दा नै खैरिनी घाटलाई सफल आञ्चलिक उपन्यास भनिएको हो ।

## ४.३ भक्तवीरे

उपन्यासमा प्रयुक्त भक्तवीरे राणाकालमा जनतालाई गाउँघरमा हैरान पार्ने दमन र शोाण गर्ने मिजार धीर्जवीरको छोरो हो । उपन्यासमा वर्णित कथानकका आधारमा विशेष कथानक उसकै क्रियाकलपामा अघिबढेको हुनाले सामान्य रूपमा कार्यका आधारमा प्रमुख प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा साथ साथै आञ्चलिक पात्र देखिन्छ । बाबुको रवाफ अनुकूल गाउँमा नायिके बनेको भत्तवीरे छोराले देश हेर्नुपर्छ भन्ने उद्देश्य मुताविक दशवर्षसम्म कलकत्तामा बसेको व्यक्ति हो ।

भक्तवीरे आफ्नो गाउँ छाडेर गएको दश वर्ष भइसकेको थियो । कलकत्ताको ठूलो शहरमा ऊ, हराएको थियो । असङ्ख्या मानिसहरूको लहरमा ऊ त्यस्तै बहिरहेको, पार नलागेको एउटा छट्पटिँदो प्राणी मात्र थियो । आफ्नो गाउँ कोथपे आइपुगेको दिन आज उसलाई आफ्नो अस्तित्त्वको पत्ता लागेझैँ भयो । उसका चिसा कठाङ्ग्रिएका अनुभवहरूले घरको आश्रय र रापिलो अगेनो भेट्टायो उसले दश वर्ष बितेको पत्तो पाएको थिएन (पृः २) । ऊ कलकत्ताबाट फर्किए पछि केही मात्रामा गतिशील बन्न खोजेको देखिए पनि सफल भएको पाइँदैन । ऊ बदमास छट्टु पनि थियो । दमित कामवासनाबाट थिल्थिलिएको भत्तवीरे कलकत्तामा बस्दा दुईवटी युवतीसँग प्रेम गरेको देखिन्छ । त्यो काम वृत्तिको चरणरूप घर फर्केपछि आफ्नै कान्छी आमालाई कामुक आँखाले हेरेबाट पुष्टि हुन्छ । कान्छी आमासँग भक्तेलाई एक-दुई कुरा गर्ने इच्छा थियो । भक्तेले ओठमा च्यापिसकेको चुरोट पनि झिकेर बट्टामै राख्यो किन भने उसलाई कान्छीआमासँग किन हो सहास आगो माग्न गाह्रो लाग्यो । यत्तिकैमा उसले कान्छी आमालाई पुलुक्क हेऱ्यो संयोग यस्तो पऱ्यो कि कान्छी आमाले पनि उसलाई टाउको उठाएर हेरेकी मात्र थिइन् चार आँखा भए । दुईमा एक जनाले पनि चाल पाएनन्-उनीहरूले आपसमा आँखाको बाटो केही न केही नौलो कुराहरू आदन-प्रदान गरिसकेका थिए (पृः २) ।

दश वर्षपछि घर फर्केको भक्तवीरे गाउँमा विभिन्न उपद्रो गर्दछ । खैरिनीघाट जान्छ, त्यहाँका भट्टीपसलमा बसेर गफ गर्छ, गफ सुन्छ । सुनकोशीमा डुबेका भेडाहरू निकाल्छ । महीबलेले दमिनी स्वास्नी ल्याएको कुरा थाहा पाएपछि त्यसको पोल खोलिदिन्छ र महीबलेलाई भातपानीबाट अलग गराउँछ । कोथपे गाउँमा पाठशाला खोलेर शिक्षाको दीप जलाउने उद्देश्यमा तगारो बनेर उभिएको छ । कोथपे गाउँमा कोही माझी पण्डित हुन चाहँदैन । हलो जोत्ने काम नपढेकाहरूले गर्नुपर्छ (पृ. ४६) । भन्ने मानसिकताले गर्दा पाठशाला खोल्न नचाहने पात्र देखिन्छ । शिक्षा र सभ्यताको विकास हेर्न नचाहनु उसको अहमताको पराकष्ठता हो । कलकत्तामा अङ्ग्रेजका विरुद्ध स्वतन्त्रताका लागि भारतीयहरूले गरेको सभा समारोहमा भाषाण सुन्न जाँदा लठ्ठी खाई अस्पतालमा पुगेका बेला गोर्खाली केटीसँग प्रेम गरेर लठ्ठी खाएको अर्थ लगाउने चेतनाको कुनै अंश नभएको आञ्चलिक परिवेशले निर्माण गरेको पात्र हो । कलकत्तामा होटलमा काम गर्दा होटलबाट खानेकुराहरू र समय समयमा रुपियाँ-पैसा चोरेर प्रेमिकालाई दिन्थ्यो । भक्तवीरेमा सकारात्मक विचार भन्दा पनि नकारात्क विचारले ग्रसित देखिन्छ । सिङ्गो समाजलाई प्रतिनिधित्व गर्न नसकने जाँड

रक्सी खाने, चोरी गर्ने, अर्काकी स्वास्नीलाई मेलाबाट भगाउने कुसंस्कार भएको पात्र देखिन्छ । स्वदेश तथा विदेशमा बस्दा असल व्यवहार नभएकाले महलका मालिकसाहेबले लडकीसित प्रेममा फँसेको थाहा पाएर रोजगारबाट समेत निकालिदिएका छन् । यता नेपालमा रहँदा जाँड रक्सी खाएर ढाक्रेहरूलाई पैसा तिर्न लाउँथ्यो । उमेरमा करिब बीस-बाईस वर्षको लाग्ने युवा भक्तवीरेमा यदाकदा आफ्नो जाति र गाउँप्रति मायामोह भएका भावहरू पनि उपन्यासमा पाइन्छ "अचेल किताप बाँच्न जान्नेहरू आफू जन्मेको गाउँ नै मान्दैनन् । तर मलाई आफ्नो गाउँको प्रेम बसेको छ । मेरो मुटुको रगत माझीगाउँको निम्ति सुनकोशीको पानी झैं बगिरहन्छ । मैले आफ्ना छिमेकका दाजुभाइलाई मन पराउनु छ भने ती निक्खर गाउँले माझीहरूलाई मन पराउनुपर्छ, जो सोझा र निराला छन् । तिनीहरूका मनमा कुनै नौला कुरा हुँदैन"(पृ: ३१) ।

भक्तवीरे कहिलेकाँही देश गाउँघर जातिप्रति झुकाव देखाए पनि चरित्रगत रूपमा सत्पात्र होइन । जारी गरेर उमेर नमिल्ने श्रीमती ल्याउने, जातभातको भेदभाव गर्ने, तरुनी जिस्क्याएर बस्ने अल्लारे ठिटाहरूको जमघट, सहरिया सभ्यता भन्दा टाढा रहेका निम्न आर्थिकस्तर भएका माझीजाति र जटिल भूबनोट भएको कोथपे गाउँको चित्रणले गर्दा खैरिनीघाट सफल आञ्चलिक उपन्यास देखिन्छ । भक्तवीरे उपन्यासकारले विना हस्तक्षेप प्रस्तुत गरेको स्वाभाविक सामाजिक पात्रका रूपमा देखिन्छ । कलकत्ता बसेर फर्केको भक्तवीरेको बोलीमा केही हिन्दी भाषाको प्रयोग छ । विभिन्न ठाउँहरूमा आ-आफ्नै रहनसहन हुन्छ, त्यसै अनुसार भाष पनि फरक फरक पर्छ । प्रस्तुत उपन्यासले रामेछाप जिल्लाको कोथपे गाउँमा बस्ने माझीहरूको रहनसहन भेषभूषा र अन्य जातजातिहरूलाई पनि समेटेर त्यहाँको संस्कृतिलाई यथार्थरूपमा उर्तान खोजेको पाइन्छ । अशिक्षित पिछडिएको समाज र त्यही समाजका पात्रहरू भएकाले उनीहरूको बोलीमा आदरार्थी भाषाको प्रयोग पाइँदैन ।

## ४.३.१ नैरिते

नैरिते उपन्यासको सामान्य वयस्क आञ्चलिक पुरुष पात्र हो । चेतनाको कमी भएको नैरिते बाटो ढुकेर सम्पत्ति लुट्ने चोरी गर्ने प्रवृत्तिमा संलग्न देखिन्छ । नैरिते सहायक, प्रतिकूल, गतिहीन, व्यक्तिगत, मञ्चीय र बद्ध पात्र हो । चोरी कार्य छोडी काङ्ग्रेस पार्टीमा संलग्न भई देश र जनताको सेवामा जट्न आग्रह गर्दा पनि नैरिते सकारात्मक सोचतिर

नगएको देखिन्छ । राणाशासनको अन्याय र अत्याचारका पक्षमा लागेर जनतालाई दुःख दिने प्रवृत्ति नैरितेमा छ ।

"त्यो लडाइँमा कति मरे ? त्यसबाट बाँचेका जति सबै काँग्रेसी हुन् त- काँग्रेस भन्ने एउटा दल पो । मलाई भेट्न आएका काँग्रेसीहरूलाई मैले के भनेर पठाएँ भने-मेरा मत ता तपाईहरूको जस्तो देश मुलुकैको भलो चिताएर हिड्ने होइन । सरकारले थाहा पाए मलाई ठाडै थुन्छ, गोली ठोक्छ । तपाईहरूसित यसरी लुकेर कुरा गर्न पनि डर लाग्छ ।" नैरितेले उकालामा स्वाँ-स्वाँ गर्दै भन्यो -मजस्तो निशाचरकलाई कसरी चिन्छन्, उदेक लाग्छ । तिनले ठानेका रै छन् मेरो एउटा दलै छ" (पृः ३५) । गाउँको सुधार के हो ? हामी र हाम्रो समाजमा सुधारको भावना कसरी जागृत गर्नुपर्छ भन्ने सकारात्मक भावना नलिई केटी जिस्काउने, जाँडखाने, धामीझाँक्री विश्वास गर्न जस्ता क्रियाकलापबाट उसको दिनचर्या चलेको देखिन्छ । नैरितेले आफ्नो प्रसन्त प्रकट गऱ्यो । मुस्कुरायो, आफ्नी निमाको तारिफ हदसम्म गर्न चाहयो -"तँलाई जति हेर्छु उति तँ राम्री हुनेछस् । आज तैले मलाई थकाइ लाइदिइस् । मलाई निद्रा लाइदिइस ।" उसले दुवै हात फैलाउँदै भन्यो-तँलाई पाए मलाई रक्सी चाहिँदैन । धन चाहिँदैन । यो खुकुरी, यो शरीर चाहिँदैन । म तेरो मनमा तेरो जीउमा विलाउन चाहन्छु । तँ मेरी निमा होइनस् तँ मेरी स्वास्नी होइनस् । तँ मेरी प्यारी रात, पर्वत, जङ्गल, गुफा अँध्यारामा मेरो लुक्ने शरण-स्थान होस्" (पृः ३९) । कुनै पनि लक्ष्य लिएर निश्चित गोरेटोमा नहिँड्ने चरित्र देखिएकाले ऊ आञ्चलिक परिवेशले सिर्जना गरेको सहायक  पात्र देखिन्छ ।

## ४.३.२ धीर्जवीर

मिजार धीर्जवीर उपन्यासमा वर्णित असत् आञ्चलिक पुरुष पात्र हो । उसले राणाशासनको  समयमा ग्रामीण जनतालाई सताउने कार्य गरेको देखिन्छ । ऊ सामन्ती राणाशासनको आडमा रहेर जनतालाई शोषण, अन्याय र अत्याचार गरी स्वतन्त्रताको विरोध गर्ने र प्रजातन्त्रका पक्षमा उभिएका जनतालाई दबाउन चाहने त्यही राज्य व्यवस्थाको प्रतिधि पात्र हो ।

राणाकालमा गाउँघर, अड्डा इलाकाका ठूलाबडा अधिकारी वर्ग जिम्मावाल, बिर्ताबलाहरूले यस जिल्लाका खेतीपाती गरेर जीवन धान्ने जनतालाई हैरान

गराउनेहरूमध्ये मिजार धीर्जवीर पनि एउटा थिए । यिनीहरूको दबाबमा परेका यी लाटा-सुधाहरू अझ पनि थाहा पाउँदैनन् कति अनाचार भइरहेको छ । लडाइँको आतङ्क फैलिएका बखत कति सिपाहीहरूले घर-घर गएर गाउँमा अत्याचार गरे । स्वास्नीमान्छेहलाई अर्धमूर्छित अवस्थामा छोड । मिजारसमेत सशस्त्र सिपाहीका जत्था लिएर घुम्दथे । यिनको काम कति मानिस कांग्रेसमा लागेका छन्, कति राणाजीका पक्षमा छन् बुझ्न थियो । राणा शासनका कुरा परै जाओस् रणाहरूकै विषयमा केही थाहा पाउँदैनथे । भक्तेलाई जस्तै हिन्दुस्तानमा स्वातन्त्रय संग्रामकालमा पिटेका थिए । उसलाई हस्पिटल पुऱ्याएका थिए । यहाँ त त्यस्तो अस्पताल पनि थिएन, पाकेर गलेर वस्नु सिवाय (पृः ६०) । ऊ घरमा जेठी स्वास्नी हुँदाहुँदै जारी तिरेर कान्छी स्वास्नी ल्याउन चरित्रहीन र असचेत व्यक्ति हो । उपन्यासमा प्रमुख पात्र भक्तवीरेको बाबु हो ऊ मुख्य नभएर सहायक गतिहीन मुक्त असत्पात्र हो । रक्सी खाने, सिकार गर्ने, देश र जनताको भलो नचिताउने, निरङ्कुश शासन व्यवस्थालाई स्वीकार गर्ने, घरपरिवारप्रति चासो नराख्ने, कामवासनामा लिप्त हुने, कोथपे गाउँमा आफूलाई बडाहाकिम ठान्ने स्वभाव देखिन्छ ।

## ४.३.३ सिंगवीरे

सिंगवीरे निम्नवर्गीय आञ्चलिक पुरुष पात्र हो । ऊ जातिले माझी हो । सिंगवीरे सहायक, प्रतिकूल गतिहीन, व्यक्तिगत, मञ्चीय र वृद्ध पात्र हो । सिंगवीरे जाँड रक्सी खाएर ढाक्रेहरूलाई पैसा तिराउँछ भने अर्कातिर नदीमा बगेका अर्काका भेडा कब्जा गरी खान पछि नपर्नुले नकारात्मक विचार भएको सामान्तवादी चरित्र भएको पात्र हो ।

सिंगवीरले आफ्नो रित्तो डबका भुइँमा छोडिदियो । डबका माझेर आउने ढाक्रेहरूलाई उसले भन्यो -“मेरो पैसा पनि मिलाइदेऊ दाइ हो” (पृ : २०) । कस्तो उल्का ! साहिलीले हाँसेर भनी -तिम्रो पैसा पनि अर्काले तिर्छ ?’ प्रजातन्त्रको आगमनपछि वर्गगत र जातिगत पृथकता नभएको विचार राख्दै बाहुनहरूलाई जाँड खान आग्रह गर्दछ । ऊ आफू विरामी भएको अवस्थामा धामी महीबलेलाई बोलाएर उपचार गर्न लागाउने अन्धविश्वासमा रूमल्लिएको पात्र देखिन्छ । महीबलेले जाँड खाएर भन्यो काँचो वायुको दोष देखिन्छ । जल पिशाचको पनि अलिकति कैफियत पाइन्छ । शिकारी झाँक्रीको दृष्टिले गर्दा छाती पनि पोलेको हो (पृः २५) । सिंगवीरेले भन्यो -तीन पल्ट घाटतारिदिएँ । घाम पनि खुर्सानी जस्तो । लौ आउने बेलामा त बिरामी परिहाले । ए रक्सी छैन ? ए रक्सी लेत । लौ

है महीबले कान्छा मलाई त साह्रै हौडा भएको छ । देउतै बोलाउनुपऱ्यो ।"सीताराम डिठ्ठाले गैरकानुनी ढङ्गले नक्कली रसिदबाट पैसा असुली गरेको थाहा पाएपनि पैसा नतिर्न अडिग रहन नसक्नाले ऊ डिठ्टाको भ्रष्टाचारको जाँलोमा किचिएको र हिम्मत नभएको बद्धपात्रका रूपमा देखिन्छ । खोलामा जाल थाप्नु, माछा मार्नु, जाँड रक्सी खानु, सिकार गर्नु उसका मुख्य क्रियाकलाप हुन् । अन्य माझी भन्दा केही सचेत देखिए पनि ऊ खासै अन्यायको विरोधी बनेर अगाडि आउन सक्ने व्यक्ति देखिँदैन ।

सिंगवीरेको उपचार गर्न धामी महीबले आइपुगिहाल्यो । घाटीमा छर्लाङ छुर्लुङ माला भुन्ड्याएको कालो रूप, सेतो लबेदाजस्तो विशेष पोशाक उसको चौडा छात्तीमा कसिएको थियो । उसका दाँत लामा-लामा निस्केका थिए । हातमा ढयाङ्ग्रो र ढयाङ्गो पिट्ने सानोसानो मदिसे बेतको गजो थियो । लिपेको ठाउँमा सामान राखेर एक चोटि सिंगवीरको हात छाम्न गयो । सिंगवीरले आँखा खोलेर हेऱ्यो (पृ: २५) । उसले एउटा मन्त्रलाई स्पष्टसित उच्चरण गऱ्यो "हिमाल, हिमाल डुल्ने वन सिकारी, जल सिकारी, बाह्रै हिमाल, डाँकी डङ्किनी, कमला माई कालिचोकी माई, थानापनि, कुशेश्वरनाथ खाँडादेवी, ढोलखाका भीमसेन, सद्गुरुकी बाचा" माझी भाषा बोल्न शिक्षा र सभ्यता नभएको अरूलाई दुःख दिने, अल्लारिने, सामन्तवादी विचार भएको, देशको विकास र परिवर्तन गर्न नचाहने  असत् पात्र हो ।

## ४.३.४ पण्डित हरिप्रसाद

पण्डित हरिप्रसाद मध्यमवर्गीय आञ्चलिक पुरुष पात्र हुन् । उनी केन्द्रीय कथानकलाई गति प्रदान गर्न सघाउन पुऱ्याउने पात्र देखिन्छन् । उनी जनतालाई शिक्षाको उज्यालोबाट वञ्चित गराउनु हुँदैन भन्ने शिक्षा प्रेमी र चेतनाशील व्यक्ति देखिन्छन् । उनी कोथपेमा पाठशाला राख्ने कुरामा जोड गर्दै थिए (पृ: ४५) । गाउँमा पाठशाला खोलेर सबैलाई शिक्षाको अवसर दिन चाहने सत्पात्रका देखिन्छन् । भक्तवीरेलाई पनि गाउँमा पाठशाला खोल्नुपर्छ, गाउँमा शिक्षाको ज्योति फैल्याउनु पर्छ भन्दा भक्ते कोथपे गाउँमा कोही माझी पण्डित हुन चाहँदैन । हलो जोत्ने काम नपढेकाहरूले गर्नुपर्छ भन्दै पाठशाला खोल्नमा भक्ते बाधक बनेको छ ।

आफ्नो कार्य र व्यवहारका आधारमा करिब चालीसदेखि ५० वर्षको समय पार गरेको लाग्ने पण्डित हरिप्रसाद धर्मकर्ममा संलग्न व्यक्ति देखिन्छन् । दिनहुँ पाञ्चायन देवताको पूजा गर्ने, श्री खण्ड अबीर  टीका लगाउँने, दौरा सुरुवाल लगाउने पटुका बाँध्ने, टोपी लगाउने "शिवशिव" भगवानको नामोच्चारण गर्ने व्यक्ति हुन् (पृ: २२) । उपन्यासमा देखिएर उपन्यासको कथावस्तुको पूर्णतामा सहयोग पुऱ्याउने पण्डित हरिप्रसाद परम्परा, संस्कृति र राष्ट्रियता जोगाउनुपर्छ भन्ने सत्पात्र देखिन्छन् । जनताले शिक्षा र स्वतन्त्रता पाउनु पर्छ भन्ने सोच राख्ने राणाशासनको अन्याय शोषण थिचोमिचोको विरोध गर्ने सहायक अनुकूल गतिशील वर्गगत मञ्चीय बृद्ध पात्र हुन् । प्रजातन्त्र, समानता र भातृप्रेमप्रति आस्था राख्ने सकारात्मक विचार राख्ने शिक्षाका माध्यमबाट समाज परिवर्तन गर्नुपर्ने पक्षमा देखिएका छन् ।

### ४.३.५ कालुमाने

कालुमाने सहायक आञ्चलिक प्रतिकूल, गतिहीन व्यक्तिगत मञ्चीय, मुक्त र पुरुष पात्र हो । कालुमाने जातमा माझी हो माछा मारेर जीवनयापन गर्ने ऊ माझी समाजको निम्नवर्गको पात्र हो । मूल व्यावसाय माछा मार्ने, कालुमाने जाँडरक्सी खाएर हिँड्ने असत् व्यत्तिका रूपमा देखिन्छ । शिक्षा र चेतनाको अभावले थिचिएको पात्र हो । परिवर्तनशीलता र गतिशीलतालाई आत्मसात गर्न नसक्ने सोझो निमुखो पात्र हो । कालुमाने पण्डित हरिप्रसाद आचार्यका तीन पुस्तादेखिको खान्दानी हली थियो । गोरु भने उसका हातमा दुईचार वर्षदेखि जस्तै मोटो ल्याए पनि नखप्ने । जोत्न भने माटोकै छाती फोरेर निकाले जस्तो लाग्दथ्यो । दुम्जा फाँटमा हरिप्रसादको कालुमाने हली भनेपछि दुम्जा गाउँका बाहुन बाजेहरू उसलाई आफ्नो गराउन मरिमेट्थे । कति लोभ देखाउँथे । किन्तु उसले कहिल्यै पनि पण्डित बाजेको विरुद्ध बोलेन र अर्काको खेतमा गएर हलो नारेन । अनि एक दिन उसको पनि दिन फिऱ्यो । पण्डित बाजेले गाउँमा असाध्य नै आफूले हलीलाई काम दलेको कुरा फैलिएको सुन्दा खपिनसक्नु भएर कालुमानेको तीन पुस्ते ७५ रुपियाँको ऋणको कागजलाई आफ्नो जन्म दिवसमा च्यातिदिए (पृ: २३) । दुम्जा गाउँमा आफ्नो लगनशीलता र कामले परिचित कालुमाने बाहुनहरूको विरुद्धमा नबोल्ने केही सहयोगी भावना भएको व्यक्ति देखिन्छ । लगभग बुद्धास्थाले छोएको कालुमाने उपन्यास खास भूमिका नभएको प्रासङ्गिक र सहायक पात्र देखिन्छ ।

### ४.३.६ फेन्टे

फेन्टे दुम्जामा बस्ने निम्नवर्गीय आञ्चलिक पुरुष पात्र हो । जातमा सार्की हो । सहायक, प्रतिकूल गतिहीन, व्यक्तिगत, मञ्चीय र मुक्त पात्र फेन्टे हो । फेन्टे पेसागत रूपमा जुत्ता सिलाउने कुशलकालीगढ हो । ऊ दुम्जामा महँगोमा जुत्ता सिउँछ । ऊ जतिको छाँट परेको नरम खप्ने जुत्ता सिउन कोही जान्दैन । तर यो नयाँ जुत्ता एक वर्ष खपेन भने त्यसको जुत्ता फेरिलाई जन्मभरि लाउन छैन-भुइँमा जुत्ता ठोक्तै सिंगवीरेले भन्यो (पृ: १८) । फेन्टे शिक्षित र चेतनशील नभएतापनि आफ्नो काममा लगनशील र इमानदारी देखिन्छ । चार जवान छोरीहरूको बाबु फेन्टेलाई छोरीहरूलाई जगाउँन कठिन परेको कुरा गर्दा “तेरा छोरीहरूको जीवन फूलझैँ गमक्क भएर के गर्नु, जातै नराम्रो ?” सिंगवीरेले भन्यो (पृ: ७२) । यस भनाइले गर्दा ऊ जातिगत अन्यायमा परेको देखिन्छ । “जातले नराम्रो होइन” फेन्टेलाई झोक चल्यो यिनलाई मैले नेपाल लैजान पाएँ र नेपालका दरबारका राणाहरूले देख्न पाए मेरा छोरीहरू जोकिलामा हालेर रानी बनाएर राख्ने थिए” (पृ: ७२) । जुत्ता सिउनेकाममा फेन्टेलाई उसका छोरीहरूले सहयोग गर्छन् ।

जुत्ता बनाउने, जुत्ताको व्यापार गर्ने, सामान्य पुरुष पात्रका रूपमा देखिन्छ । उपन्यासमा सक्रिय रही मुख्य भूमिका खेल्ने गतिशील पात्र नभई कथावस्तुको निरन्तरताका लागि सघाउ पुऱ्याउने लगभग चार दशक उमेर पार गरेको व्यक्ति देखिन्छ ।

### ४.३.७ वैद्य

वैद्य उपन्यासमा देखिएको सामान्यख आञ्चलिक पुरुष पात्र हो । पेसागत आधारमा डाक्टर भएपनि ऊ शोषण र स्वार्थी भावना बोकेको मध्यवर्गीय दृष्ट चरित्र हो । वैध सहायक, प्रतिकूल गतिहीन, व्यक्तिगत, मञ्चीय र मुक्त पात्र हो । मानिसहरूको अस्वस्थता प्रति ख्याल गर्ने जीवनप्रदान गर्ने भएपनि पचास रूपैयाँ नपाउँदा उपचारै नगर्नाले उसको असत् र स्वार्थी चरित्रलाई पुष्टि गर्दछ । जिम्मावालले आफ्ना ज्येठा बाबुका छोरालाई कुटेर मारे । आज उनी महादेवस्थानमा मरे । जिम्मावाल । जिम्मावाल भन्छन् कुटेर मारेको होइन, एउटा निहुँ मात्रै हो । वैद्य पनि कुटेको चोटले होइन छारेले भेटेर मरेको भन्छ (पृ: ६९) । वास्तवमा जिम्मावालले आफ्ना ज्येठा बाबुका छोरालाई कुटेर मारेको थियो ।

जिम्मावालले वैद्यलाई घुस खुवाएर छारेर रोगले मरेको हो भनेर वैद्यले गाउँलेहरूलाई भन्छ । यथार्थकुरालाई वैद्यले लुकाउन खोजे पनि वास्तविक घटना गाउँलेहरूले थाहा पाएका थिए । वैद्यले जिम्मावालसित घुस खाएको छ -"शिवनाथले जोड दिएर भन्यो वैद्य जिम्मावाल मुर्दावाद ।" त्यस सँगसँगै अरू युवाहरूको एउटै ठूलो स्वर (पृ: ७०) । शिवनाथले फेरि भन्यो "तर वैद्यले कति घुस खाएको छ हामी उसैलाई तपाईंहरूका सामुन्ने ल्याउँछौं, तपाईंहरू नै सोध्न सक्नुहुन्छ ।" ठिटाहरूले वैद्यलाई खोजेर ल्याए ।

वैद्यले यथार्थघटनालाई लुकाउन सकेन । दुःखी गरिब, ग्रामीण जनताको सेवा विपरीत शोषण दमन गर्ने राणाशासनको पक्षमा उभिएर तिनीहरूकै चिरत्रलाई उजिल्याउने प्रतिनिधि पात्र देखिन्छ । करिब तीन दशक उमेर बिताएको अनुमान लाग्ने वैद्य उपन्यासमा क्षणिक भूमिका भएको सामाजिक परिवेशले निर्माण गरेको प्रासङ्गिक मुक्त पात्रका रूपमा देखिएको छ । पेशागत रूपमा डाक्टर भएपनि सकारात्मक सोचलाई आत्मसात् गर्न नसक्नु, सामाजिक वर्गको प्रतिनिधित्व गर्न नसक्नु उसको राणाशासनको पराकाष्टता हो ।

## ४.३.८ डिठ्ठा सीताराम

डिठ्ठा सीताराम यस उपन्यासमा वर्णित मुख्य आञ्चलिक पुरुष पात्र मानिन्छ । ऊ सहायक, प्रतिकूल, गतिहीन व्यक्तिगत, मञ्चीय र मुक्त पात्र हो । ऊ राणाशासनको पक्षधर भएर, जनताबाट गैरकानुनी ढङ्गले तिरो उठाउँने असत्पात्र देखिन्छ । गरिब माझीहरूलाई दुःख दिन्छ । बूढी आमा धमिलो अँध्यारोमा बच्चाको कोक्रो हल्लाउँदै बोलिन् "आज सिधुली अड्डाको सीताराम रकम उठाउन आउँछन् रे । तँ कहाँ गएको 'यि'स् ?" को सीताराम ?" भक्तले थाहा नपाएको नाउँ थियो । डिट्ठा । वर्सेनी आउँछन् । धुरीपिच्छे एक रुप्यें उठाउँछन् ।" उनले भनिन् (पृ: ५०) । तत्कालीन निरङ्कुश सत्ताको पक्षपाती बनेर सोझा सीधा जनतालाई नक्कली रसिदद्वारा तिरो उठाई शोषण गर्ने दुशप्रवृत्ति पात्र हो । सिंगवीरले भन्यो -मलाई सीतारामको नियत राम्रो लागेन । त्यो डिट्ठा रुपियाँ आफै खान्छ-अड्डामा बुझाउँदैन" (पृ: ५०) । सत्तासीन व्यक्तिहरूको दुर्व्यवहार र व्यक्तिगत स्वार्थीपनाको चिनारी दिने सीताराम यस उपन्यासमा सामान्य भूमिका रहेको असत् पात्र देखिन्छ । ग्रामीण भेगका गरिब सोझा माझीहरूको उद्धारको सट्टा उनीहरूबाटै रकम असुली आफू आनन्द लिन्छ ।

### ४.३.९ भक्तेकी आमा

भक्तेकी आमा खैरिनी घाट उपन्यासकी सामान्य आञ्चलिक नारीपात्र हुन् । मिजार धीर्जवीरकी जेठीस्वास्नी उच्च वर्गीय नारी पात्र हुन् । भत्तेकी कान्छी आमाकी सौताका रूपमा देखिएकी यिनी परम्परावादी छिन् । भक्ते विदेश जानु अघि उसका घरमा बाबु र आमा मात्र थिए तर भक्ते विदेशबाट फर्केर आउँदा घरमा नौली आइमाई नाबालक छोरोलाई देखेपछि आमालाई को हो भनी सोध्दा तेरा बाबुकी कान्छी स्वास्नी र उसको छोरो भक्ते आश्चर्यमा पर्छ । "केही छैन भक्ते" आमाले टाउकोलाई ढल्काएर सम्झँदै भनिन् "परार साल गाउँमा हैजा पसेथ्यो कति जना मरे ।" उनले औँलामा बिस्तार बिस्तार मृत व्यक्तिका नाउँ लिन थालिन् । स्वर विषदमय, गम्भीर भयो, मैले पनि तेरो आशा मारिसकेकी थिएँ । यत्तिको वर्षसम्म न आउँछ न चिट्ठी पठाउँछ मर्‍यो होला भनेर । म बूढी भइहालेँ । अनि पोरसाल तेरो बाबुलाई बिहे गर्न लगाएँ । आखिर सन्ताको जरो मास्न भएन । यत्रो श्रीसम्पती कसले खाने ?" भक्तेले स्वीकारसूचक टाउकको हल्लायो बूढी आमाले भनिन्- "कान्छीले ६ महिलनामै सन्तानको मुख देखाई" (पृ: ७) । आफ्नो परम्परा र संसकृतिको संरक्षणमा आस्था राख्ने सचेत पात्र देखिन्छिन् । पेसाले किसान भएकीले गाई भैँसी बाखा कुखुरा पालेकी छिन् । घरमै जाँड रक्सी बनाउनु, पाहुनापाक्षाहरूलाई जाँड रक्सी र मासुले सत्कार गर्नु उनको विशेषता थियो । करिब पैतालिस बर्षकी अनुमान लाग्ने यिनी उपन्यासमा सक्रिय भूमिका विनाकी प्रासङ्गिक सन्दर्भमा आएकी मुक्त गौण सत्पात्र देखिन्छिन् । शिक्षा र चेतनाको अभावका कारणले भाषा प्रयोग आदरार्थीको प्रयोग पाइँदैन ।

### ४.३.१० निमा

निमा उपन्यासकी सामान्य आञ्चलिक स्त्री पात्र हो । निमा र नैरिते सम्बन्धले लोग्ने र स्वास्नी हुन् । नैरितेमा यदाकदा देशभक्तिको भावना पाइन्छ। नैरिते सधैँ निमाका साथमा रहन सक्दैन । निमा र नैरितेमा भावनात्मक प्रेम थियो । उनीहरू एक अर्काका भावना र विचारलाई बुझ्थे नैरिते लडाइँबाट घर फर्केर आउँदा निमा नैरितेको काखमा पछारिन गई एउटा आकस्मिक पीडा र जलन लिएर । उसले आत्मसमपर्ण गरी ऊ रुन लागी (पृ: ४०) । "तिमी रोयौ नैरितेले तुरुन्त उसको सुँक्कसुँक्कलाई सुनेर भन्यो-म सधैँ घरमा बस्न सक्तिनँ । मैले एकै थलोमा बसिरहेँ भने शत्रुले चाल पाउँछन् । मलाई हिडिरहनुपर्छ ।"

"यो काम तिमी किन छोड्दैनौ ।" उसले आँसुको भल रोकेर भनी । निमा घरमा जाड रक्सी बनाउने, मेलापात जाने आफ्ना घरमा आएका पाहुनालाई सम्मान गर्ने गर्छे ।

निमाले घरमा आएका पाहुनालाई स्वागत र सम्मान गरे तापनि उसमा असल र सकारात्मक विचारहरू छैनन् । ऊ नैतिरे नभएका बेला भक्तवीरेलाई मेला जान आग्रह गर्छे, प्रेम प्रसङ्गका कुरा पनि गर्छे । नैरितेलाई भन्दा बढता माया भक्तवीरेलाई गर्छे । भक्तवीरेलाई म पानी लिएर नआउँन्जेल सम्म तिमी यहीँ बसीराख भन्ने सन्दर्भबाट प्रष्ट हुन आउँछ । ऊ ढुक्क थिई कि अब भक्ते घर जान सक्तैन । उसले बुझी सकेकी थिई । भक्तेको आनाकानी केबल बहान हो । उसले जानेकी थिई भक्तेले माया गर्न जानेको छैन । अब ऊ कसरी कोही स्वास्नीमान्छेको निश्चयलाई भत्काउन सक्ला ? (पृ: ४४) निमा गाग्रो लिएर निस्किसकेकी थिई । निमा पनेराबाट फर्केर आउञ्जेल उसलाई पर्खिनु थियो । धेरै बेर पर्खिनुपर्ने कुरा सोचेर फेरि ऊ अधीर भयो । त्यस स्वास्नीमान्छेको सन्मुख रहनुमा जतिको आनन्द थियो जात्रामा के होला । उसको अन्तरमनले जात्रा हेर्न मानेन । शिक्षा र सभ्यता नभएको, कामवासनाले तृप्त, सम्भयताप्रति चासो नभएको पात्र हो । उपन्यासको ठाउँठाउँमा आई केही मात्रामा कथानकको विस्तारमा सहयोग पुऱ्याए पनि यिनलाई कार्य सम्पन्नताका आधारमा प्रासङ्गिक पात्रका रूपमा देखिने निम्न वर्गीय असचेत मुक्त पात्रका रूपमा चिन्न सकिन्छ ।

## ४.३.११ महीबले

महीबले यस उपन्यासमा वर्णित आञ्चलिक गौण पुरुषपात्र हो । ऊ प्रतिकूल, गतिहीन, व्यक्तिगत, नेपथ्यीय र मुक्त पात्र हो । महीबले र भक्तवीरे हार्दिक र आत्मिक मिल्ने साथी भएतापनि महीबलेले दमिनीलाई विवाह गरेको थाहा पाएपछि तँलाई दमिनी ल्याउन लाज भएन तँ गाउँको धामी धर्मकर्म जान्ने व्यक्ति भनेर सोध्यो । भक्तेले महीबलेलाई दमिनी स्वास्नी ल्याएकाले जातच्यूत गरायो । तेरा छोरा छोरीहरू माझी समुदायमा मिलाउन पाउँदैनस् । तँ पानी अचल भइस भनेर भक्तेले महीबलेलाई भन्यो महीबलेले मेलामा भेटाएकी दमिनीलाई फकाएर विवाह गरेको हो । महीबले गाउँको ठूलो धामीझाक्री धर्मपरम्परा र संस्कृतिलाई बुझ्ने भएतापनि ऊ समाजबाट तिरस्कृत भएको असत् पात्र देखिन्छ ।

महीबलेले चिन्तित भएर भन्यो - मलाई आफ्नो कुरा कसैलाई खोलुँला जस्नो लाग्या थिएन । कसरी आज तिमीलाई मैले खोल्न पुगेँ । पाप पनि मनमा थुनेर बस्न सक्थ्यो ?" "तैले गाउँ छोड्नै पर्छ" भक्तेले भन्यो । महीबलेले भन्यो -भक्तवीरे जेठा, तिमी पनि मेरो जस्तै दशामा परेका भए था पाउने थियौ । बैँसले छुन नहुने जात भन्दैन बरू तिमीलाई स्वास्नीको ढुकढुकी बेचेर दिन्छु । तोला एक सुन छ कसैलाई नभन (पृ. ३३) । उपन्यासमा खासै भूमिक नभएको बीच बीचमा देखापरेको धर्म, संस्कृति र परम्परालाई आत्मसाथ गरेपनि असत् पात्रको रूपमा चिनिएको छ ।

## ४.३.१२ ठिटाहरू

यस उपन्यासमा वर्णित आञ्चलिक पात्र ठिटाहरू कुनै भूमिका नभए पनि गौण पात्रका रूपमा देखिन्छन् । जातले माझीहरू हुन् । नदीका किनारमा बस्ती भएका ठिटाहरू माछा मार्नु, जालबुन्ने, ढुङ्गा चलाउने काम गर्छन् । ठिटाहरू गतिहीन पात्र हुन् । जाँड रक्सी खाने, चोरी गर्ने एक आपसमा लडाइँ गर्ने स्वभावका छन् । फेन्टेका जवान छोरीहरूप्रति आकर्षित हुने, नदी तर्दै गरेका आइमाहरूलाई जिस्क्याउने गर्दछन् । भेडा व्यापारीका नदीमा बगेका भेडाहरू लैजाने, सिकार गर्ने, अल्लारिने, सभ्यता र संस्कार नभएका असत् विकास र परिवर्तन नचाहने भक्तवीरेका पछि लाग्ने मेला जाने गर्छन् ।

## ४.३.१३ कान्छी

कान्छी यस उपन्यासमा वर्णित आञ्चलिक नारी पात्र हो । ऊ धीर्जवीरकी कान्छी स्वास्नी हो । भक्तेकी आमाले भक्ते विदेश गएपछि न घरमा पत्र पठाउँछ न घरमा आउँछ एउटा मात्र सन्तान त्यसमा पनि मासियो भने वंश नै विनास हुन्छ भन्ने डरले आफ्ना श्रीमानलाई अर्काकी गर्भवती भएकीलाई रु २०० जारी तिरेर ल्याइएकी हो । कान्छीको उपन्यासमा कुनै भूमिका छैन कान्छी घाँसदाउरा काट्ने पानी ल्याउने, गाईवस्तुको हेरविचार गर्छे । घरमा जाँड रक्सी बनाउँछे । भर्खरकी युवती देखेपछि भक्तेपनि कान्छी आमा प्रति आकर्षित हुन्छ । भक्ते र कान्छी बीच प्रेम बसेको प्रसङ्ग पनि उपन्यासमा वर्णन गरिएको छ । भक्तेप्रति अनुराग भएकी छे । भक्तेप्रति काम वासनाले हेर्छे ।

एकचोटि भक्तेलाई कान्छीको तल्लीनतादेखि ईर्ष्या भयो । उसलाई कान्छी सँगसँगै बसेर उसको तल्लीनतामा हराउन र बिलाउन मन भयो । कान्छीको हातबाट एक पल्ट फेरि

जाँड पिउने इच्छाले उसले भन्यो - "घरमा रक्सी छैन ?" कान्छी आमाले आँखा उठाएर हेरिन् । काम गर्दागर्दै उनको हात रोकियो । "तर मैले तिमीसँग मागेको थिइन । घरमा रक्सी छ कि छैन भनेर सोधेको पो थिएँ । भक्तले अलिकति हाँसेर भन्यो, किन्तु उसको मन ठट्यौली गर्ने भइरहेको थियो । कान्छीले मुसुक्क हाँसेर भुइँमा राखेको सीसि उठाएर कचौकरामा रक्सी खन्याउन लागिन् । उसको ओठमा चम्केको मुस्कान यस बेला कति मीठो थियो । उसलाई इच्छा भयो कि त्यही भरी कचौरी उठाएर उनको ओठमा लगाइदिउँ । अनि त्यस भिजेको ओठबाट रक्सी पिऊँ । कान्छी आमै उसको मनोभावलाई कत्तिको कदर गर्दथिन् (पृ: १५-१६) । कान्छी प्रतिकूल गतिहीन व्यक्तिगत नेपथ्यीय र मुक्त पात्र हो । कान्छीका साथमा एउटा सानो नाबालक छोरो समेत छ । कान्छीकी सौता भए पनि घरपरिवारमा मिलेर बसेकी छ ।

## ४.३.१४ जिम्मावाल

जिम्मावाल यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । जिम्मावाल प्रतिकूल पात्र हो । राणाशासनको पक्षमा लिने समाजको सामान्ती वर्गको गतिहीन पात्रको रूपमा चिनिएको छ । समाजमा अन्याय अत्याचार गर्ने सोझा सिधा माझी समाजका मानिसहरूलाई दुःख दिने काम गर्छ । प्रजातन्त्रलाई स्वीकार नगर्ने, व्यक्तिगत पात्र हो । आफ्ना जेठा बुबाका छोरालाई हत्या गरेर जिम्मावालले मारेको, वैद्यलाई कालगतिले मरेको हो भनेर भन्न लगाउने घुस समेत खुवाउन पछि नपर्ने खराब प्रवृत्तिले ग्रसित पात्र हो ।

वैद्यले भन्यो जिम्मावाले पचास रुपियाँ मात्र दिएका हो । जिम्मावालले आफ्ना ज्येठा बाबुका छोरालाई कुटेर मारे । आज उनी महादेवस्थानमा मरे । जिम्मावाल भन्छन् कुटेर मारेको होइन, एउटा निहुँ मात्रै हो वैद्य पनि कुटेको चोटले होइन छारेले भेटेर मरेको भन्छ । वैद्यले जिम्मावालसित घुस खाएको छ -"शिवनाथले जोड दिएर भन्यो - वैद्य - जिम्मावाल मुर्दावा !" (पृ: ६९-७०) जिम्मावाले गरेको अत्याचार ढाक छोप गर्न खोजे पनि त्यसको पोल गाउँलेहरूले खोलेर छाडे । पाप धुरीबाट कराउँछ भनेझैं जति पाप लुकाए पनि उसले गरेको पाप सबैले थाहा पाए पनि ऐन कानुनले उसलाई नछोएको देखिन्छ ।

## ४.३.१५ राममान बुढा

राममान बूढा यस उपन्यासमा वर्णित आञ्चलिक एवम् प्रतिकूल पात्रका रूपमा देखिएका छन् । जातले उनी माझी हुन् । यस उपन्यासमा एकदुई ठाउँमा देखिएका उपन्यासलाई पूर्णता दिन नदेखिएका सतचरित्र पात्र हुन् । जाली बुन्ने, माछा मार्ने, हिउँदको समयमा टाढा-टाढा जङ्गलमा गएर खहर काट्ने काममा व्यस्त देखिन्छन् । आफ्नो धर्म र संस्कारलाई मान्ने परम्परालाई स्वीकार गर्ने सोझा पात्रका रूपमा राममानबूढालाई चित्रण गरिएको छ । राममान पनि सामन्तवादी प्रवृत्तिको विरोध गर्छन् । प्रजातन्त्रको पक्षधरमा उभिएका छन् ।

## ४.३.१६ वीरपर्सात

वीरपर्सात यस उपन्यासमा वर्णित पुरुष हो । खैरिनीघाट उपन्यासमा गौण एवम् आञ्चलिक पात्रका रूपमा चिनिएको पात्र हो । वीरपर्सात जातले माझी हो । माझी समाजमा जन्मिएकाले माझी समाजको संस्कृति धर्म र रीतिरीवाजलाई आत्मसात गरेको देखिन्छ । जाँड रक्सी खाने सुर्ती खाने, खोलामा माछा मार्ने शिक्षा र चेतना नभएको भक्तवीरेका पछि लाग्ने, सिकार गर्न जाने स्वभावको देखिन्छ । परिवर्तनलाई स्वीकार गर्न नसक्ने पात्र हो । केटी जिस्क्याउने, चोरी गर्ने, बरालिने स्वभावको छ । राणाशासनको बिरुद्धमा काङ्ग्रेसले चलाएको आन्दोलन देखि डराएको छ । अबको आन्दोलनले कोही पनि मानिस बच्ने छैनन् । “तिमीहरू किन हाँस्छौ ?” वीरपर्सातले कठोर स्वरले भन्यो “अबको लडाइँले हलथोक त के तिमीहरू गाउँका ठिटाहरू पनि बाँकी बस्तैनौ । हल थोकेको कान्छो छोरो पूर्ने परारको लडाइँले मरेको बिर्सिसक्यो ? राणाजीका फौज आएर हाम्रा गाउँमा मेशिनगन चलाएका बिर्सिसक्यौ मोरा हो ? तिमीहरू सधैँभरि लडाइँ परे मात्र सम्झिन्छौ । लडाइँ बन्द भयो कि बिर्सिहाल्छौ” (पृ: ५३) । वीरपर्सात नेपालमा चलिरहेको लडाइँले त्रसित भएको छ । अब नेपालमा बस्न छाँट छैन । हामीलाई यति उमेर गइसक्यो लडाइँ भन्ने थाहा थिएन । अब लडाँइ पनि थाहा भयो । अब लडाइँको जमाना आयो । पहाड मधेस सबैतिर लडाइँ  छ, काहीँ पनि शान्ति छैन । प्रजातन्त्रका नाममा सिङ्गो देश नै आतङ्क बनेको छ । अब नेपालमा बच्ने स्थान छोइन भन्ने पिरले डराएको देखिन्छ । ऊ एकचोटी महाभारत काटेर मिजारसित विराटनगर सम्म पुगेको थियो । सारा मुलुक लडाइँले भरिएपछि मान्छेहरूको ज्यान जोगाउने ठाउँ कहाँ रहने भयो अब ? (पृ. ५२) वीरपर्सातको उपन्यासमा

खासै भूमिका नभएको, परिवर्तनलाई स्वीकार गर्न नसक्ने, अल्लारे केटी जिस्क्याउने जस्ता क्रियाकलापमा संलग्न भएको पात्र हो ।

## ४.३.१७ लालवीरे

लालवीरे यस उपन्यासमा वर्णित पुरुष आञ्चलिक पात्र हो । लालवीरे गौणपात्रका रूपमा चिनिएको व्यक्ति हो । ऊ पनि माझी हो । साथीसँग लडाइँ गर्ने, रक्सी खाने, केटी जिस्क्याउने मेला जाने उपद्रो गर्ने जस्ता क्रियाकलाप सहभागी हुने अनूकुल एवम् असत् पात्र हो । ऊ माझी गाउँमा कपाल दाह्री काट्छ । सबै युवक उसको घरमा कपाल काट्न जान्छन् । कपाल काट्नलाई ऊ सँग ठूलो कैची र छुरा छ । कपाल दाह्री काट्न असाध्यै सिपालु छ । ऊ कहिलेकाहीँ गाउँबाट दुईचार दिन बेपत्ता हुन्थ्यो, ऊ कहाँ जान्थ्यो के गर्थ्यो कसैलाई थाहा हुँदैन थियो । ऊ माझीगाउँबाट बेपत्ता भएको र पुन फेरि आएको गाउँलेहरूलाई थाहा हुँदैन थियो । चोरी गर्ने, अरूलाई दुःख दिने व्यापारीका खोलामा बगेका भेडा खोस्न पनि पछि नपर्ने पात्र हो । खोलामा माछा मार्ने, जाल थाप्ने काम पनि निकै सिपालु छ । राणाशासको लडाँइदेखि लालवीर पनि डराएको छ । राणाहरूको निरङ्कुश शासन व्यवस्थाका विरुद्ध सचेत नेपाली नागरिकहरू थिए । त्यही विरोधका स्वरूप राणाशासक नेपाली जनतावीच युद्ध चलिरहेको थियो । लालवीरे कोथपे गाउँबाट सिन्धुली बजारमा आएका बेला उसले हाकिमहरूले कुराकानी गरेको सुनेको थियो । सहरमा सुनेको कुरालाई उसले गाउँमा नौलो समाचार सुनायो । लालवीरको समाचार सुनेपछि माझी समुदाय आतङ्कित बनेको थियो (पृ: ५२) । लालवीरे गरिब माझी हो । उसका घरमा खाने अन्न छैन । खाने अन्न नभएको कुरा सुनाउन पनि ऊ लजाउँछ । उपन्यासमा प्रमुख भूमिका नभएको उपन्यासमा कतै कतै देखिएको नेपथ्यीय व्यक्तिगत र मुक्त पात्र हो ।

## ४.३.१८ भेडा व्यापारीहरू

यस उपन्यासमा वर्णित पुरुष आञ्चलिक पात्र भेडाव्यापारीहरू हुन् । उनीहरूको मुख्य पेसा नै भेडा व्यापार गरेर आम्दानी कमाउनु थियो । कोपथे गाउँबाट सिन्धुली, काठमाडौँ लगायतका सहरबजारमा गाउँबाट भेडा खरिद गरेर बजार लगेर बेच्थे । भेडाव्यापारीहरूले भेडाको रेखदेख गर्न भेडा गोठालाहरू पनि राखेका छन् । नदी तारेर भेडाहरू बजार लैजानुपर्थ्यो । भेडा तार्ने काम कति भेडा ढुङ्गाबाट नदीमा खस्थे, कति

बेपत्ता हुन्थे कति भेडा चाहिँ माझीहरू लैजान्थे पैसा पनि दिँदैनथे । भेडाहरू नदीमा खसेर भेडा व्यापारीहरूलाई घाटा समेत हुन्थ्यो तर घाटा भए पनि आफ्नो व्यापार व्यावसायलाई छाडेनन् । भेडा-गोठालाहरू बथानबाट एक-एक भेडा च्यापेर डुङ्गामा हाल्न लागे । एक खेप भेडा पारि उतार्‍यो । मालिकले आवाज दियो । दुई जना गोठाला पारि नै बसे । उनीहरूले आफ्ना ओढने ओछ्याउने अरू मालहरू पनि पारितारे । अब भेडा थोरै बाँकी थिए । मालिक र भेडाहरू एकैसाथ चढे । डुङ्गा नदीको बीचमा पुग्यो र ढलफल गर्‍यो । बथानमा खलबल भयो एउटा भेडा उफ्रेर नदीमा कुद्यो । अर्को भेडा पनि नदीमा कुद्यो । दुइटै बगे, दइटै डुबे । लहैलहैमा अरू भेडा पनि हामफाल्न लागेका थिए । दशबाह्रवटा भेडाहरूको बथान डुङ्गा किनार लाग्दा नलाग्दै बहन लाग्यो मालिकले एउटा भेडा मात्र च्यापेर राखि छोड्न सक्यो अरू त उम्किहाले (पृ: ५५) भेडा गोठालाहरू शिक्षित नभएकाले भाषामा आदरार्थीको प्रयोग पाइँदैन यिनीहरू पनि प्रतिकूल नेपथ्यीय र मुक्त पात्रका रूपमा चिनिएका छन् ।

### ४.३.१९ जगते

जगते यस उपन्यासम वर्णित आञ्चलिक गौण पात्र हो । ऊ माझी हो । प्रतिकूल रूपमा चिनिएको छ । उपन्यासमा विशेष भूमिका नभएको उपन्यासमा कतै कतै मात्र देखापरेको पात्र हो । जगते खोलामा माछा मार्ने, जाड रक्सी खाने, चुरोट तान्ने अल्लारे ठिटो हो । खोला तर्ने आइमाहरूलाई जिस्क्याउने, फेन्टे सार्कीका छोरीप्रति वक्रदृष्टिले हेर्ने, आफ्नो व्यक्तिगत र माझी समाजको उन्नति र प्रगति प्रति चासो नराख्ने पात्र हो । मेला जाने मेलामा रमाइलो गर्ने, रक्सी खाएको बेलामा साथीसँग झगडा गर्ने स्वभावको छ । भेडा व्यापारीका भेडा चोर्ने तथा खोस्ने काम गर्छ । “घाटमा मरको हाम्रा हुन्छ” जगतेले भन्यो (पृ: ५६) । जगते सकारात्मक सोच नभएको एक गरिब र चेतनाको ज्योतिबाट वञ्चित पात्र हो ।

### ४.३.२० भेडागोठालाहरू

भेडागोठालाहरू यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष एवम् प्रतिकूल पात्र हुन् । भेडा व्यापारीले भेडाको रेखदेख गर्ने, भेडा चराउन लैजाने, भेडाहरूलाई बजार लैजाने अनि बेच्ने काममा लगाएको छ । भेडागोठालाहरूको उपन्यासमा कुनै भूमिका नभए पनि उपन्यासको कतैकतै उपन्यासकारले राखिदिएका छन् । भेडा तार्ने काममा कति भेडाहरू

खोला तार्दा खोलामा खस्थे कति वेपत्ता हुन्थे ती सबैको खोजी गर्न नसके पनि अन्य भेडाहरूलाई चराउने घाँस दान दिने हेरविचार गर्ने काम गरेर भेडा मालिकलाई सहयोग पुऱ्याउने नेपथ्यीय र मुक्त पात्रका रूपमा देखिन्छन् । भेडा मालिक र अरू गोठालाहरू भक्तेलाई भेडासहित बाहिर आएको देखेर जङ्गली रूपले कराए (पृ: ५६) । माझी समुदायमा जन्मेर माझी समुदायमा हुर्केका हुनाले माझी, भाषाको प्रयोग गर्दछन् । कुनै पनि शिक्षा र चेतना नभएका पात्र हुन् ।

## ४.३.२१ ढाक्रेहरू

यस उपन्यासमा वर्णित पुरुष आञ्चलिक पात्र ढाक्रेहरू हुन् । ढाक्रेहरू भारी बोकेर जीवन निर्वाह गर्ने व्यक्तिहरू हुन् । ज्यादै परिश्रमी र लगनशील पात्र ढाक्रेहरू हुन् । काठमाडौँ सिन्धुली लगायतका ठाउँबाट नुन चामल लगायतका सामानहरू ढाकरमा बोकेर कोथपे तथा यसका आसपासका ठाउँमा पुऱ्याउने काम गर्थे । बाटामा जाँड रक्सी खान्थे, चुरोट खान्थे आफ्नै पारा हिड्ने गर्थे । भक्तवीरे र सिंगवीर पसलमा चुरोट खान्थे, जाँड खान्थे भने पैसा तिर्न ढाक्रेहरूलाई लगाउँथे ती सोझा ढाक्रेहरू पनि पैसा तिरिदिन्थे । भारी बोकेर परिवार पाल्न उनीहरूलाई धौंधौ परेको थियो । गरिबका एकातिर पीडा छन् भने अर्कातिर माझी ठिटाहरूको पिडा पनि सहनु परेको थियो । घाम पानी हुरी बतास नभनिकन रातोदिन भारी बोक्ने काममा लागेका छन् । देशभरि रणाशासनको पिर त छँदै थियो । त्यो पिर पनि ती सोझा ढाक्रेहरूले पनि सहनुपरेको थियो । सिंगवीरले आफ्नो रित्तो डबका भुइँमा छोडिदियो । डबका माझेर आउने ढाक्रेहरूलाई उसले भन्यो “मेरो पेसा पनि मिलाइदेऊ दाइ हो ।” “कस्तो उल्का ।” साहिलीले हाँसेर भनी तिम्रो पैसा अर्काले तिर्छ ? चाई र पैसा तिर्सम न बात्ती रम......... । (हेरिराख् पैसा तिर्छ कि तिर्दैन) सिंगवीरेले माझी बोलीमा भन्यो । ढाक्रेहरूले पनि चुपचाप उसको पनि तिरिदिए (पृ: २०) । ढाक्रेहरू सोझा छन्, गाम्रीण भेगमा जन्मिएर शिक्षा दीक्षा नभएका भारी बोकेर जीवन निर्वाह गर्नु पर्ने बाध्यता छ ।

## ४.३.२२ ठुटे

ठुटे यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । ठुटे गौण पात्र हो । ठुटे जातले माझी हो । उपन्यासमा ठुटेको कुनै विशेष भूमिका देखिँदैन । अल्लारे, चोरी गर्ने,

भौतारिने केटीहरू जिस्क्याउने स्वभावको छ । व्यापारीहरूका भेडा खोस्ने, जाँड रक्सी खाने, खोलामा माछा मार्ने जाल थाप्ने, काम गर्छ । आञ्चलिकताले निर्माण गरेको पात्र हो । शिक्षा र सभ्यता नभएको प्रतिकूल व्यक्तिगत नेपथ्यीय र मुक्त पात्र हो ।

### ४.३.२३ फुर्के

फुर्के यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । आञ्चलिक उपन्यासले निर्माण गरेको पात्र हो । फुर्के भक्तवीरेको पछि लागेर हिँड्ने असत् पात्र हो । भेडा व्यापारीहरूको भेडा लैजाने, चुरोट रक्सी खाने मेलामा जाने तरूनीहरूलाई जिस्क्याउने अस्वभाविक पात्र हो । उपन्यासमा कुनै पनि भूमिका नभएको पात्र हो । बन्धुक बोकेर चितुवा मार्न जाने आफू साथी साथी बीचमा लडाइँ गर्ने पात्र हो ।

### ४.३.२४ शिवनाथ

शिवनाथ यस उपन्यास वर्णित आञ्चलिक पुरुष पात्र हो । शिवनाथ अन्याय र अत्याचारको घोर विरोध गर्ने पात्रका रूपमा लिन सकिन्छ । जिम्मावालले र वैद्यले गरेको कुकार्यका विरोध गरेको छ । प्रजातन्त्र समान्ता र भातृप्रेमप्रति आस्था शिवनाथमा छ । राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना प्रति आशा गर्छन् । अनुकूल सत् पात्रका रूपमा देखिन्छन् । जिम्मावालले गरेको पोल खोल्ने काम शिवनाथले गरेका छन् । शिवनाथ बोल्न लाग्यो-जिम्मावालले आफ्ना ज्येठा बाबुका छोरालाई कुटेर मारे (पृः ६९) । ऐन नियम कानुनको पालनामा जोड दिने पात्र शिवनाथ हुन् । यही बेला शिवनाथ अर्जेलले दुवै हातले शान्त हुने अनुरोध गर्दै भन्यो "वैद्यले भन्यो जिम्मावाले पचास रुपियाँ मात्र दिएको हो । सुन्नुभो रुपियाँले आज मानिसलाई कति हीन बनाउन सक्छ । जिम्मावालको अत्याचार ढाक-छोपले छोपिन सकेन र तपाईहरूको अगाडि उघ्रेको छ" (पृः ७०) । शिवनाथ प्रगतिशील समाज परिवर्तन गर्न चाहने असल पात्रका रूपमा लिन सकिन्छ ।

### ४.३.२५ जनमसिंगे

जनमसिंग यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । उपन्यासमा कुनै पनि भूमिका नभएको पात्र जनमसिंगे हो । हल्लारे, जाँडरक्सी खाने, केटी जिस्क्याउने भेडा चोर्ने, सिकार गर्ने मेला जात्राउत्सवमा जाने पात्रको रूपमा जनमसिंगेलाई चिनाइएको छ । असत्

गतिहीन नेपथ्थीय र मुक्त पात्र हो । शिक्षा र चेतना नभएको, विकास, उन्नति र परिवर्तप्रति ज्ञान नभएको पात्र हो । भक्तवीरेका पछि लाग्ने पात्र हो ।

## ४.३.२६ सिपाहीहरू

यस उपन्यासमा वर्णित आञ्चलिक पात्रहरू सिपाहीहरू हुन् । राणासनको पक्षम रहेर जनतालाई दु:ख दिने, धम्क्याउने गर्छन् । निरङ्कुश शासन सत्तामा रहेर प्रशासन सञ्चालन गर्छन । जनतालाई हकअधिकारबाट वञ्चित गराउँछन् । लडाइँको आतङ्क फैलिएका बखत कति सिपाहीहरूले घर-घर गएर गाउँमा अत्याचार गरे । स्वास्नीमान्छेलाई अर्धमूर्छित अवस्थामा छोडे (पृ: ६०) । सिपाहीहरूले स्वानीमान्छे र केटीहरू माथि यौन शोषण गरेका छन् । जनतालाई न्याय दिन भन्दा अन्याय गर्छन् ।

## ४.३.२७ व्यापारीहरू

व्यापारीहरू यस उपन्यासमा वर्णित आञ्चलिक  पात्रहरू हुन् । नेपालथोक रोसी खोलाको छेउ दुम्जाको व्याँसीमा एउटा पन्ध्र वटा घर भएको बजार हो । बर्सेनी भक्तपुर, बनेपा र धुलिखेलका महाजनहरू आवश्यक मालतालहरू लिएर ६, ७ महीना पसल थापेर घर फर्कन्छन् । किनकि गर्मीको बेला औलो लाग्ने डर थियो (पृ: ६३) । व्यापारीहरू आफ्नो व्यापार व्यावसाय गर्ने दुम्जाको व्याँसीमा जान्छन् नुन, तेल लत्ताकपडा अन्य खाद्यपदार्थको व्यापार गर्छन । ढाक्रेहरूलाई सामान बोकाउँछन् । व्यापार गरेर जीवन निर्वाह गर्छन् । पसलमा नुनको बोरा खुला थियो । तेलको, मट्टीतेलको कटर, ढक तराजू र माना-पाथी । साहूको मैलो मोटो आकृतिको पृष्ठभूमि भित्ताका तख्ताहरूमा सेता सुकिला रंगीन कपडाका धानहरू थिए । ढोकाको खापामा सिंदूरले दुइवटा आँखा चित्र र ‘शुभ लाभ’ लेखिएको थियो । साहुले ढोका निर गएर भन्यो -“राम्रो कपडा सिल्कन दिऊँ ?” (पृ: ६४) राणाशासनको बेला व्यापारीहरूले भक्तपुर, बनेपा र धुलिखेलबाट सामान लिएर दुम्जाको व्याँसीमा व्यापार गर्छन् ।

## ४.३.२८ पुजारी

पुजारी यस उपन्यासमा वर्णित आञ्चलिक पात्र हो । सुनकोशी र रोसीखोलाको दोभानमा कुशेश्वरको मन्दिर छ, त्यही मन्दिरको पुजारी हो । पुजारी दैनिकी रूपमा मन्दिर

पुजाआजा गर्छ । मन्दिरको संरक्षण गर्छ । मन्दिरमा आउने मानिसहरूलाई टिका चन्दन लगाउने फूलप्रसाद दिने, भक्तजनहरूले चढाएका फलफूलहरू अरूलाई बाढ्ने गर्छ । पुजारीले एउटा मेवा ल्याएर भक्तेलाई दियो । मेवा हातमा लिएर भक्तेले हात जोड्दै विदा लियो । (पृ: ६७) कुशेश्वर मन्दिरमा शिवरात्रीमा ठूलो मेला लाग्थ्यो । विभिन्न ठाउँबाट मानिसहरू कुशेश्वर मन्दिरमा पुजा गर्न आउँछन् रमाइलो गर्छन, मन्दिरको वरिपरि विभिन्न किसिमका पसलहरू राखेका छन् । शिवरात्री सकिएको धेरै दिन भइसकेको थियो, तर मेला भने बर्सेनी अबेर लाग्दथ्यो । महाजनहरू बर्सेनी ढीलो गरेर आउँथे, पाल हाल्दथे र यसरी बजार जमाउने गर्दथे । एक-दुइटा पाल आएर मन्दिरको नजीक पीपलको चौताराका सामुन्ने बसेका दुई चार दिन भइसकेको थियो । अरू दुई चार पालहरू थपिए । कपडा पसलको एउटा लहर ठूलाठूला पालहरू हालेर बसे (पृ: ६७) । पुजारी धर्मकर्मप्रति आस्थावान एवम् आध्यात्मिक प्रकृतिका छन् ।

## ४.३.२९ महन्तबाबा

महन्तबाबा यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हुन् । महन्तबाबा पाटी मन्दिर र यज्ञशालामा बस्छन् । धर्मकर्मप्रति खुब आस्था राख्छन् । महन्तबाबा अन्यायका विरोधी छन् । एउटा मानवले अर्कोमानवलाई दुःख दिनु हुँदैन भन्ने पक्षमा छन् । राणाशासकले गरेको अन्यायको खुलेरै विरोध गर्छन् । प्रजातन्त्रको पक्षमा छन् । भक्तवीरे कुशेश्वस्थानको पाटीमा पुग्यो । पाटी र यज्ञशालामा बसिरहेका मानिसले उसलाई हेरे, जो मेवा र केराहरू खान लागेका थिए । "भक्तेलाई एक टुक्रा मेवा देऊ ।" महन्तबाबाले पुजारीलाई अह्राए जहाँ दुम्जाली बाजेहरू थिए- कोही खेतबाट आएका, कोही कुलो लाएर आएका । भक्तेले सबै कुरा सुन्न त पाएन तर उनीहरू भर्खरै घटेको खेतको घटनालाई लिएर बहसमा लागेका थिए भन्ने अनुमान गऱ्यो । महन्तजीले भन्नुभयो - "यो धर्म-चर्चा गर्ने ठाउँ हो । व्यत्तिगत रीस-इबी, झगडा गर्ने ठाउँ यो होइन । यस्तो कुरा गर्ने हो भने यहाँबाट पाल्नुहोस ।" जिम्मावाल रामप्रसाद आफ्नो छाता लिएर कालो-नीलो अनुहार लाएर हिड्नलाई उठे । महन्तजीले फेरि भन्नुभयो -मैले तपाईहरूलाई बिदा दिएजस्तो भो । मैले त सबैसँग धर्मस्थलमा धर्मको चर्चा गर्नुपर्छ, अरू कुरा गर्नलाई अरू नै ठाउँ छ भनेको हुँ । माफ गर्नुहोला जिम्मावाल बाजे, नरिसाउनुहोला"

"तपाईले के सोच्नुभएको म आफ्नै कामले हिँडेको हुँ बरू माफ गर्नुहोला म बस्न पाइनँ" भन्दै जिम्मावाल हात जोड्दै हिँडे । उनी केही पर पुगेपछि सब जना घतलाग्दो किसिमले हाँसे । "बाबाको अगाडि जिम्मावाल अड्नै सकेनन्" कसैले भने । यस्ता अपराधी अत्याचारी पनि अड्न सक्छन् ? कसैले जवाफमा भने । महन्तजीको अनुहार प्रसन्नताले उज्यालो देखियो । उनी अरूको भनाइबाट कति प्रभाव लिन्थे (पृः ६६-६७) । महन्तबाबा सबैको भलो चाहने, कसैलाई पनि दुःख नदिने स्वभावका छन् ।

### ४.३.३० हलथोके

हलथोके यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । उपन्यासमा कतै कतै मात्र देखापरेको छ । यसको कुनै पनि भूमिका छैन् । हलथोके असत् पात्र हो । चोरी गर्ने, जाँड रक्सी खाने अनि पैसा ढाक्रेहरूलाई तिर्न लगाउने, खोला तर्दै गरेका आइमाइहरूलाई जिस्क्याउने काम हलथोके गर्छ । माछा मार्ने, ढुङ्गा चलाउने मेलाजाने जस्ता काम गर्ने गतिहीन पात्र हो । सकारात्मक विचार नभएको शिक्षा र चेतना नभएको देखिन्छ ।

## ४.३.३१ धनसिंगे

धनसिंगे पनि यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । यसको उपन्यास कुनै भूमिका छैन । चोरी गर्ने, सिकार खेल्ने आइमाईहरूलाई जिस्क्याउने गर्छ । मेला जान्छ, जाँडरक्सी खान्छ अल्लारिएर हिँड्छ । धनसिंगेले एउटा भेडा भुइँबाट उठायो । जगतेले पनि त्यसै

गऱ्यो । मिजार टक्क अडिए । लौरो उचालेर भने- "अँ, तिमीहरूले सुन्यौ, डिट्ठासाहेब आज राति यहीं बस्नु हुन्छ । भरे तिमीहरू सबैले एक एक रुपियाँ लिएर मेरो घरमा जम्मा हुन् । सबलाई भनिदे ।" भेडा बोकेको धुनसिंगेले भन्यो - मेरो त मिजारले तिरिदेऊ । मकै पाकेपछि चुँला पोर पनि त्यसै गरेको हो" (पृः५८) । धनसिंगे गरिब व्यक्ति हो । धनसिंगे दुःख कष्ठ गरेर जीविका चलाउँछ । शिक्षादीक्षा नभएको असत् पात्र धनसिंगे हो ।

## ४.३.३२ हरिबले

हरिबले यस उपन्यासमा वर्णित आञ्चलिक पुरुष पात्र हो । उपन्यासमा भूमिका कुनै नभएका गौण पात्र हो हरिबले । हरिबले पनि आफ्नै बाबु महीबलेसँग सिकार गर्न जान्छु भन्छ तर महीबलले उसलाई गाली गर्छ । "हरिबले, मेरो छोरा"-महीबलले भन्यो "जा

सुत् ।" "तिम्रो छोरा?" भक्ते हाँस्यो - यो पनि धामी ? "म पनि जान्छु भन्छ, गोता पाउनालाई ।" महीबलेले छोरालाई घच्याडिदियो जो भित्तामा ठक्कर खान पुग्यो "जा चितुवाले लैजान्छ ।" दुवै जना हिँडे । अलिक पर पुगेपछि तिनीहरूले हरिबले रून र कराउन लागेको सुने (पृ: ३०) । हरिबले गतिहीन व्यक्तिगत र मुक्त पात्र हो ।

## ४.३.३३ माझीहरू

माझीहरू यस उपन्यास वर्णित पात्रहरू हुन् । माझीहरू गतिहीन पात्र हुन् । सुनकोशी र रोसी खोलामा ढुङ्गाा चलाउँछन् । ढुङ्गाा चलाएर मानिसको सेवा गर्छन् । माथीहरू खोलामा जाल थापेर माछा मार्छन, आफ्नै काम व्यवस्त रहन्छन् जाँड रक्सी चुरोट खान्छन् आफ्नै पारा जीवन बिताउँछन् प्रजातन्त्र विकास परिवर्तप्रति अज्ञात छन् प्राथमिक तहसम्मको विद्यालय पनि नभएकाले शिक्षा पाएका छैनन् । राणाहरूले गरेको अन्याय प्रति बोल्न नसक्ने निमुखा पात्र हुन् । माझीहरू एउटा रुख्खा सुख्खा गाउँमा नाङ्गै एउटा कछाड भित्र साँगुरिएर कसरी जीवन बिताइरहे छन् । ऊ दश वर्षपछि घर फर्केर आउँदा पनि यी गाउँले दाजुभाइहरूको घरबार अवस्था 'किन' उस्तै दीनहीन थियो ? (पृ: २९) गरिब दीनहीन अवस्थाका रूपमा माझीहरूको जीवनलाई चित्रण गरिएको छ ।

## ४.४ निष्कर्ष

खैरिनी घाट पूर्व २ नं. रामेछाप अन्तर्गत पर्ने कोथये गाउँ र त्यहाँ बसोबास गर्ने माझीहरूको रहनसहन, रीतिस्थिति, चेतनास्तर र जीविकालाई जस्ताको तस्तै प्रस्तुत गर्ने उपन्यास हो । यस उपन्यासमा प्रयुक्त पात्रहरू शिक्षाको अभावले गर्दा युवाहरू जाँड खाएर बरालिने अरूका नैसर्गिक मानव अधिकारप्रति हनन गर्ने पात्रहरूको जीवि चित्रण गरिएको छ । प्रत्येक पात्रहरूको विचार भाषाशैली संस्कृति पक्षमा पृथकता पाइन्छ । यसरी प्रस्तुत खैरिनी घाट उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा, कार्यका आधारमा, प्रवृत्तिका आधारमा, स्वभावका आधारमा, जीवनचेतनाका आधारमा, आसन्नताका आधारमा र आबद्धताका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

यस खैरिनी घाट उपन्यासको पात्र विधान शोधकार्यमा जम्मा ५ वटा परिच्छेदहरू रहेका छन् । परिच्छेद एकमा शोधपत्रको अङ्गहरूको परिचय दिइएको छ । परिच्छेद दुई साहित्यकार शङ्कर कोइरालाको सङक्षिप्त परिचय दिइएको छ । परिच्छेद तिनमा यो शोधकार्य प्रमुख रूपमा पात्र विधान तर्फ केन्द्रित रहेकाले पात्र विधानको सैद्धान्तिक आधारका बारेमा चर्चा गरिएको छ । यस क्रममा चरित्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसनन्ता र आबद्धताका आधारमा पात्रको वर्गीकरण र विश्लेषण गरिएको छ ।

चौथो परिच्छेदमा उपन्यासका प्रमुख पात्रहरूको विश्लेषण पात्र विधानको सैद्धान्तिक आधारबाट गरिएको छ । यसरी नै तेस्रो परिच्छेदमा चर्चा भएको सैद्धान्तिक आधारहरूका साथ सम्पूर्ण पात्रहरूको विर्गीकरण र विश्लेषण गरिएको छ । पाँचौ परिच्छेदमा शोधकार्यको उपसंहार राखिएको छ । यस अन्तर्गत शोधको सारांश, निष्कर्ष र भावी अनुसन्धानका लागि आवश्यक अङ्गहरूको समावेश गरी विश्लेषण गरिएको खैरिनी घाट उपन्यासको पात्र विधान शीर्षको शोधकार्य निश्चय नै महत्त्वपूर्ण भएको छ ।

## ५.२ निष्कर्ष

शङ्कर कोइरालाको जन्म पिता ईवश्रीप्रसाद कोइराला र माता मित्रप्रिया कोइरालाका तेस्रो सन्ताका रूपमा वि.सं. १९८७ कार्त्तिक २७ गते घट्टेकुलो, काठमाडौं भएको हो । न्वारानको नाम ढकारप्रसाद कोइराला रहे पनि साहित्यका क्षेत्रमा उनले शङ्कर कोइराला र 'आधाबाटे कान्छा' उपनामबाट प्रसिद्धि पाएका छन् । मध्यवर्गीय परिवारमा जन्मेका कोइरालाको बाल्यकाल पिताको सामान्य जागिरका बाबजुद पनि बुबाआमा, हजुरबुबा र हजुरआमाको स्नेह पाई राम्ररी नै बितेको पाइन्छ । अनौपचारिक रूपमा ईश्वरीप्रसाद कोइरालाका साथमा रुद्री र चण्डी अध्ययन गरी औपचारिक शिक्षा हासिलतर्फ लागेका कोइरालाले जुद्धोदय हाइस्कुलबाट एस.एल. सी पास गरी उच्च शिक्षाका क्रममा बी.ए सम्मको शिक्षा हासिल गरेको पाइन्छ ।

'म आत्मसन्तुष्टिको लागि लेख्छु' भन्ने कोइरालाले अग्रज साहित्यिक व्यक्तित्वहरूको प्रेरणालाई स्वीकार्दै सानै उमेरदेखि साहित्यतर्फ पाइला टेकेको पाइन्छ । उनको सानै उमेरदेखि विभिन्न लेखचनाहरू प्रकाशन गर्दै आएका भए पनि वि.सं. २०१८ मा 'खैरिनी घाट' उपन्यास प्रकाशित गरी नेपाली साहित्यका फाँटमा सार्वजनिक भएका छन् । ४२ वटा औपन्यासिक कृतिहरू, चारवटा कथासङ्ग्रह, तीनवटा नाटक, जीवनी र केही अङ्ग्रेजी भाषाका कृतिहरू अनुवाद गरी विभिन्न पत्रपत्रिकाहरूमा कयौं लेखरचनाहरू प्रकाशित गर्न सफल कोइरालाले रत्नश्री पदक, प्रतिभा समूह पुरस्कार, आहवान समूहबाट पुरस्कारहरू प्राप्त गरेका थिए । यस्ता प्रतिभाको देहावसान वि.सं. २०५४ श्रावण २६ गते मैतीदेवी, काठमाडौंमा भएको थियो ।

नेपाली साहित्यका विविध विधामा कलम चलाउने कोइरालाका नाटक र कथासङ्ग्रहहरू प्रकाशित भए पनि साहित्यिक फाँटमा परिचित गराउने र भावसम्प्रेषणको मूल आधार उपन्यास विधा नै हो । उनका खैरिनी घाट, कौशीको फर्सी, आलोपालो, दोसाँध, एक हूल गाउँले, एक अञ्जुली श्रद्धाञ्जलीजस्ता बयालीस वटा उपन्यासहरू प्रकाशित छन् । उनका प्रायः सबै उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित छन् । उनले ती उपन्यासहरूमा समाजका विकृति र विसङ्गति, देशको आर्थि,क शैक्षिक, राजनीतिक, ग्रामीण जनताकोभोगाइ, दुःखदस्थिति, अँध्यारो भविष्य र देशमा बढेको उच्च जिम्मेवार व्यक्तित्वहरूको स्वार्थी, आडम्बरी, शोषण, दमन अन्याय र अत्याचारले देश र जनताको ह्रासोन्मुख स्थितिलाई चित्रण गरेका छन् । उनका लेखनमा आदर्शता, व्यङ्ग्यात्मकता आलोचना मानवीय भावना जस्ता प्रवृत्तिहरू पाइन्छन् । धेरै उपन्यास लेखेर पनि थोरै उपन्यासबाट चर्चित बन्न पुगेका कोइरालाका उपन्यासमा ग्रामीण पात्र अनुकुल भाषा र संवाद प्रयोग, जनता, समाज र देशसुधारको भावना व्यक्त गरेका छन् । कोइरालाले नाटक, कथा, जीवनीजस्ता विधामा कलम चलाएर पनि साहित्यिक फाँटमा नयाँ मूल्य दिन सकेका छैनन् । त्यसैले केही आञ्चलिकता, बालउपन्यास, समाज सुधार, राष्ट्रसुधारको भावना र योगदान दिने कोइराला उपन्यासकै माध्यमबाट नेपाली साहित्यमा परिचित बन्न सफल भएका छन् ।

साहित्यकका विभिन्न विधामध्ये उपन्यास बृहत् आयाम भएको गद्यात्मक रूप अन्तर्गत पर्दछ । उपन्यासमा आख्यानात्मक पक्ष सफल भएको हुनाले यसको पूर्णताका लागि

पात्रहरूलको पनि ज्यादै महत्त्वपूर्ण भूमिका रहन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रले नै लिएको हुन्छ । त्यसैले उपन्यासका अन्य पक्षहरूको विभिन्न कोणबाट गरिएको अध्ययन अनुसन्धानझैं पात्र विधानको दृष्टिकोण वा पक्षबाट गरिएको यो शोधकार्य ज्यादै महत्त्वपूर्ण छ । यस शोधपत्रको पात्रविधान अन्तर्गत पात्र चयन, पात्रको चारित्रिक वर्गीकरणको आधार जस्तै -भूमिकाको आधार, लिङ्गको आधार, स्वभावको आधार, प्रवृत्तिको आधार, आसन्नताको आधार साथै आवद्धताको आधार मानेर वर्गीकरण र विश्लेषण गरिएको छ ।

खैरिनी घाट धेरै पात्रहरूको समावेश गरिएको उपन्यास हो । धेरै पात्रहरूको जमघट भए पनि आ-आफ्नो नाम, जात, पेसा, कार्यव्यवहार, सोचाइ, चेतनाको स्तर आदि सबैपक्षमा सामाजिक जीवनको विभिन्नता झल्काएर आञ्चलिकतालाई प्रस्तुत गरेका छन् । उपन्यासमा समावेश गरिएका स्त्री, पुरुष पात्रहरूमा देखिएको पेसा र कार्यव्यवहारबाहेक भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गर्न सकिन्छ । प्रमुख पात्र हरू कार्य, सहभागिता वा भूमिका दृष्टिले सार्वधिक महत्त्वपूर्ण हुन्छन् । यिनै प्रमुख पात्रको सेरोफेरोमा कथानको अगाडि बढेको हुन्छ । भक्तवीरे कार्यभूमिका, प्रवृत्ति, स्वभाव जीवनचेतना आसन्नता र आवद्धताका आधारमा प्रमुख पात्रका रूपमा देखिन्छ । नैरिते, सिंगवीरे, फेन्टे, पण्डित हरिप्रसाद, धीर्जवीर, कालुमाने, वैद्य, डिठ्ठा सीताराम, भक्तेकी आमा र निमा सहायक पात्रका रूपमा आएका छन् । उनीहरूको भूमिकासमेत अलग अलग रूपमा चरितार्थ भएको छ । यस बाहेक राममान, जिम्मावाल, सन्तमाने जनमसिंगे, महीबले, ढाक्रेहरू, र लालवीरे जस्ता धेरै गौण पात्रहरू पनि छन् । त्यसकारण यस उपन्यासमा प्रस्तुत गरिएका चरित्रहरूको पात्रविधानगत वर्गीकरण उपयुक्त एवम् सान्दर्भिक ठहर्छ । मुख्य, सहायक र गौण गरी चरित्रहरूको वर्गीकरण गरे पनि उपन्यसमा समावेश सबै पात्रहरूका माध्यमबाट उनीहरूका साथै स्थानीय जीवनको साङ्गोपाङ्ग चित्रण गर्नु उपन्यासकारको ध्येय रहेका कुरा उपन्यास आञ्चलिक र सामाजिक बनी कथावस्तुसँग मेल खाएकोबाट स्पष्ट हुन्छ ।

क) आलोचनात्मक यथार्थवादको धरातलमा शङ्कर कोइरालाका उपन्यासहरू

ख) खैरिनी घाट उपन्यासमा प्रयुक्त भाषिकाको अध्ययन

# सन्दर्भसूची


अव्राम्स, एम.एच. (सन् १९९३). **अ ग्लोसरी अफ लिटरेरी टर्म्स वेङग्लोर :** प्रिज्म बुक्स प्रा.ली ।

उपाध्याय, केशवप्रसाद. (२०४९). **साहित्य प्रकाशन** (पाँ.सं.). काठमाडौं : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु. (२०४७). **साहित्य परिचय**, (ते.सं.). ललितपुर : साझा प्रकाशन ।

नेपाली, बृहत् शब्दकोष. (२०७२). **आठौं संस्करण**, काठमाडौं : साझा प्रकाशन ।

पन्त, रामप्रसाद. (२०५८). **शङ्कर कोइराला कृति**, अनुशील (प्र. सं). काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०६१). **नेपाली उपन्यास र उपन्यासकार,** (चौ.सं.). काठमाडौं : साझा प्रकाशन ।

प्रधान, शिव. (२०४५). **वृहत् समालोचना** सिक्किमः गान्तोक प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०६५). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (प्र.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०५८). **उपन्यास सिद्धान्त र नेपाली उपनयास,** ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज. (२०५६). **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन ।

भट्टराई, राधाकृष्ण. (२०६१). खैरिनी घाट उपन्यास कृतिपरक अध्ययन, अप्रकाशित शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

राकेश, रामदयाल. सम्झनाके सेरोफेरो. शङ्कर कोइराला **गरिमा** वर्ष १५. अङ्क ११. कात्तिक २०५४ ।

रेग्मी, मुरारीप्रसाद. (२०५०). **मनोविश्लेषणात्मक समालोचना उपन्यास खण्ड** (दो.स). काठमाडौँ: साझा प्रकाशन ।

शर्मा, मोहनराज. (२०४८). **शैली विज्ञान,** काठमाडौं : ने.रा.प्र.प्र ।

शर्मा, मोहनराज. (२०६८). **समकालीन साहित्य,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल. (२०६३). **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ( दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम. (२०५७). **नेपाली कथा भाग - ४,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, धनप्रसाद. (२०६८). **नेपाली आञ्चलिक उपन्यासमा मूल प्रवृत्ति,** अप्रकाशित विश्वविद्यालय विद्यालय कीर्तिपुर ।

सुवेदी, राजेन्द्र. (२०५३). **नेपाली उपन्यास र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।